# दमक नगरपालिका
# सार्वजनिक सुनुवाई प्रतिवेदन
# आर्थिक वर्ष २०८१/०८२

## <u>अर्धवार्षिक</u>




## ९ फागुन २०८१

## भिन्न मिडिया एण्ड रिसर्च प्रा.लि.
### दमक, झापा

# दमक नगरपालिकाको सार्वजनिक सुनुवाई प्रतिवेदन

## १. पृष्ठभूमि :

स्थानीय तह र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहका. विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने सार्वजनिक सुनवाइको आयोजना गरिएको हो ।

सुशासन ऐन २०७४, सार्वजानिक जवाफदेहित प्रबर्द्धन कार्यविधि, सार्वजानिक सुनुवाई सम्बन्धी कोशी प्रदेशको कार्यविधिमा भएको व्यवस्था अनुरुप प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिन र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनवाई कार्यविधि अनुसार सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । स्थानीय तहवाट संचालित विकास कार्यक्रम ,उपलव्ध सेवा ,वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्भमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएको प्रश्न सवालहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्वेवारी गराउनु यसको उद्देश्य रहेको छ ।

दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिन र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई हुनुपर्ने व्यवस्था रहेको छ । दमक नगरपालिका सँगको सम्झौता अनुसार भिन्न मिडिया एण्ड रिसर्च प्रालि, दमकले ९ फागुन २०८१ मो सार्वजनिक सुनुवाईको सहजीकरण गरेको थियो ।

## २. सार्वजनिक सुनुवाईको औचित्य:

सार्वजनिक सुनवाई कार्यविधिमा व्यवस्था भए अनुसार नगरपालिकाको नगरसभाबाट विनियोजित बजेट तथा कार्यक्रमहरुबाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख भएको छ । दमक नगरपालिकामा आ.व. २०८१।८२ को अर्धवाषिक अवधि सम्ममा सञ्चालन भएका विकास निर्माण कार्यहरु र तीबाट प्राप्त प्रतिफलका बिषयमा नागरिकले थाहा पाउनेछन् । यस्तै आगामी दिनमा नीति तथा कार्यक्रम ल्याउदा, योजना निर्माण गर्दा प्राथमिकिरण र त्यसबाट प्राप्त उपलब्धीको समिक्षा गर्न कार्यक्रमले प्रेरित गर्ने गर्दछ । नगरबासी लागि

पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ ।

## ३.सार्वजनिक सुनवाई कार्यक्रमको उद्देश्यः

यस कार्यक्रमको मुख्य उद्देश्य दमक नगरपालिकाबाट आव २०८१/०८२ मा सञ्चालित योजना र तीनबाट नगरबासीले प्राप्त गरेका सुविधालाई प्रस्तुत गरिएको थियो । योजनाको अवस्था, कार्यान्वयनको स्थिति, सुशासन र सेवा प्रवाहका बारेमा नागरिकले साक्षात्कारको मौका पाएका थिए । नगरबाट सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिएः

**क.** कार्यालयबाट सम्पादित सेवा, बस्तु र सुविधाबारेमा सार्वजानिक गर्नु, सूचनाको हकको प्रत्याभूति गराउन,

**ख**. सेवा प्रदायक र नागरिक विच सम्वाद गराइ सेवा प्रवाहलाई सुधार गर्दै विकासका योजनमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउन,

**ग.** नगरपालिकाले चालु आर्थिक बर्षमा सम्पादन गरेका कामहरुको बारेमा शाखा प्रमुखहरुलाई नागरिक प्रति जवाफदेही बनाउने,

**घ**. आगामी दिनहरुमा नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु,

**ङ.** आगामी आवमा योजनाको प्राथमिकिरणमा सघाउ पुर्याउन ।

च. अघिल्लो सार्वजानिक सुनुवाईमा उठेका बिषयकोको समाधानका प्रयासका बारेमा जानकारी गराउन ।

## ४. कार्यक्रमबाट भएका उपलब्धिहरु

(क) नगरपालिका र नगरबासी बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

ग) दाहोरो सवादले सुशासन कायम राख्न मद्दत गर्ने छ ।

## ५. सहजकर्ता छनौट र समन्वयः

दमक नगर कार्यपालिकाको कार्यालयले आयोजना गरेको कार्यक्रमको आवश्यक व्यवस्थापन तथा समन्वय नगरपालिकाले गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको लागि भिन्न मिडिया एण्ड रिसर्च प्रा.लि. गरिएको प्रस्तावना स्वीकृत भएपछि व्यवस्थापनका लागि राजु पोखेललाई जिम्मेवारी प्रदान

गरिएको थियो । कार्यक्रमको सन्दर्भमा सहजकर्ताले नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखाक प्रमुखसंग नियमति समन्वय गर्नु भएको थियो ।

### ६. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययनः

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवाहरु सुविधा र विकासका योजनाहरु कसरी सञ्चालन गरेको छ ? पालिकाले बस्तु तथा सेवा सुविधाहरु कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्न कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापनतथा संचालन) ऐन, २०६४ सुशासन नियमावली २०६५, सार्वजनिक, सुनुवाई सम्बन्धि कार्यविधि, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७ ४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।

### ७. नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन तयारीः

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत पत्र अनिवार्य संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधिको अनुसुचि २ र ३ अनुसारका ढाँचाक्रमश नागरिक प्रतिवेदन र नागरिक अभिमत सहकर्ता संस्था स्वयम्ले संकलन गरि प्रतिवेदन तयार गरेको हो ।

### ८. सार्वजनिक सुनवाई कार्यक्रमको विवरण

(क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजकः दमक नगरपालिका, झापा
(ख) सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्थाः भिन्न मिडिया एण्ड रिसर्च प्रालि, दमक
(ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति : २०८१ फागन ९ गते शुक्रबार
(घ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थान : दमक नगरपालिकाको सभा हल
(ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समयः ११.४५
(च) कार्यक्रम सञ्चालन गरिएको समयावधिः ३.४५ घण्टा
(छ) कार्यक्रममा सहभागी संख्याः १३५ जना
(ज) कार्यक्रमको अध्यक्षता : दमक नगरपालिकाका प्रमुख रामकुमार थापा
(झ) नागरिक प्रतिवेदन सर्वेक्षणको सहभागी संख्याः १८५ जना
(ञ) बहिर्गमन अभिमत सर्वेक्षणको सहभागी संख्याः १२० जना
(ट) नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत सम्पादनः सञ्चारकर्मी युवराज विवश

### ९. सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएका प्रतिवेदनहरुः

क) दमक नगरपालिकाको आर्थिक तथा प्रशासनिक विवरणको प्रगति प्रतिबेदन प्रस्तुतकर्ता प्रमुख प्रशासकीय अधिकृत गणेशराज कार्की ।

ख) नागरिक प्रतिवेदनको प्रस्तुतकर्ता सहजकर्ता बाबुराम निरौला

ग) बहिर्गमन अभिमत प्रतिवेदनको प्रस्तुतकर्ता सहजकर्ता बाबुराम निरौला

## १०. सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरुः

शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, नगरपालिकाको भौतिक पूर्वाधार तथा विकास निर्माण, आय व्यय, सुशासन, अव्यवस्थित बसोबास ।

## ११. सार्वजनिक सुनवाई कार्यक्रममा भएको उपस्थितिः

यस कार्यक्रममा दमक नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को अर्धवार्षिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुर्‍याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । नगरपालिकाका सम्पूर्ण बस्तीहरु, टोल विकास संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता समिति, सामुदायिक विकास संस्था, विद्यालयहरु, सहकारीहरु, आमा समूहहरु, सामुदायिक वन उपभोक्ता समितिहरु, महिला समूहहरु, दलित उत्थान समूहहरु, व्यावसायीहरु, शिक्षक, बुद्धिजीवीहरु तथा नगरपालिकाका विषयगत शाखाहरुलाई सार्वजनिक सूचना मार्फत आमन्त्रण गरिएको थियो । सो मध्येका सबै प्रतिनिधि गरी करिब १३५ जनाको उपस्थिति भएको थियो । यसको विवरण तल उल्लेख छ ।

## १२. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो सत्रः

यस कार्यक्रमको पहिलो सत्र देहाय अनुसार सञ्चालन भएको थियो ।

-सञ्चालनः युवराज दाहाल

क) अध्यक्षता ग्रहण दमक नगरपालिका नगर प्रमुख श्री रामकुमार थापा

ख) पदाधिकारीहरुको आसन ग्रहण

- नगर उपप्रमुख रेगिना भट्टराई(प्रसाई)
- प्रमुख प्रशासकीय अधिकृत गणेशराज कार्की
- नगरपालिकाका सबै वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु

- सरोकारवाला कार्यालयका प्रमुखहरु,
- राजनीतिक दलका प्रमुखहरु
- कार्यालयका कर्मचारीहरु
- उपस्थित सबै जनसमुदायहरु

ग) राष्ट्रिय गानः सामुहिक

घ) नगर गानः सामुहिक

ङ) स्वागत मन्तव्यः नगर उपप्रमुख रेगिना भट्टराई

च) नगरपालिकाको सेवाप्रवाह सम्बन्धी प्रस्तुति प्रमुख प्रशासकीय अधिकृत गणेशराज कार्की

**१३. सार्वजनिक सुनवाई कार्यक्रमको दोश्रो शत्र**

क) सार्वजनिक सुनवाई सहजीकरण गर्ने भिन्न मिडिया एण्ड रिसर्च प्रालिका तर्फबाट बाबुराम निरौलाले सार्वजनिक सुनवाई कार्यक्रममा पालना गर्नु पर्ने आचारसंहिता बारे जानकारी प्रस्तुत ।

ख) कार्यविधि बमोजिमको नागरिक प्रतिवेदन (Citizen Report Card) र बहिर्गमन अभिमत ( Exit Poll) सेवा प्रवाह सम्बन्धि गरिएको अध्ययनबाट प्राप्त भएको विवरण अनुसार तयार पारेको प्रतिवेदनको प्रस्तुति

**११. सार्वजनिक सुनुवाई कार्यक्रमको तेस्रो सत्र**

क) प्रश्न उत्तर तथा छलफलः सहभागीबाट प्रश्न राख्ने ।

ख) प्रश्न सहभागीबाट आएका जिज्ञासाको उत्तर निम्न महानुभावले दिनुभएको थियोः

१) दमक नगरपालिकाका प्रमुख रामकुमार थापा

२) दमक नगरपालिका उपप्रमुख रेगिना भट्टराई प्रसाई

३) दमक नगरपालिका प्रमुख प्रशासकीय अधिकृत गणेशराज कार्की

घ) नगर प्रमुख रामकुमार थापाबाट सभा विसर्जन

**कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरुः**

| क्र.स. | प्रश्न गर्ने वा सुझाव दिनेको नाम, थर, ठेगाना | सहभागीको प्रश्न, गुनासो, सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | श्याम कार्की दमक ७ | अघिल्लो सुनुवाईमा उठाइएको कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा समाबेश गरिएकोमा धन्यवाद । कार्यक्षमताका आधारमा अघिल्ला वर्ष दमक | रामकुमार थापा नगर प्रमुख दमक नगरपालिका | तीनै तहका सरकार विच समन्वय भएर यो काम भएको हैन । हामीले निरन्तर प्रयत्न पछी ढल बनाउन भत्किएका सडक मर्मत |

| | | | | |
|---|---|---|---|---|
| | | उत्कृष्ट भएको थियो । अहिले त झापामा पनि पाँचौ भएको सुन्नमा आयो खास के भएको हो ? दमकको कालोपत्रे सडकमा खाल्टा छन, समाधान कहिले हुन्छ ? | गणेशराज कार्की-प्रमुख प्रशासकीय अधिकृत | गरेका छौ, सुधार गरिरहेका छौ ।<br>हामीले काम गरेर अंक ल्याएका छौ । अब वित्तिय आयोगले टुक्रे योजनालाई अंक दिदैन, हामी भने ५० हजारका योजना हाल्न भन्छौ । अब सुधार गरेर उत्कृष्टता हासिल गर्दै अघि बढ्ने छौ । |
| २ | बिन्दु सिटौला दमक ५ | दमक २ को पुरानो भवनमा मानव सेवा आश्रम सञ्चालन गरिएको छ । भवन अत्यत्न जिर्ण छ । तुरुन्त अन्यत्र व्यवस्थापन गरिनुपर्यो ।<br>दमकमा करको दायरा किन बढाइएन ? | रामकुमार थापा नगर प्रमुख दमक नगरपालिका | - कोभिड अस्पतालमा हामीले आश्रम सञ्चालनको तयारी गरेका थियौ । दोस्रो दिन नै पाकेको खाना समेत खान नदिएर हटाइयो । तत्कालका लागि पुरानो वडा कार्यालयमा व्यवस्थापन गरेका छौ, केही प्राविधिक काम सकिएको छैन, वनको जग्गा व्यवस्थापनका लागि मुख्यमन्त्री मार्फत सम्बन्धित निकायमा भनिसकेका छौ ।<br>- हामीले नगर सभा अघि नै २ प्रतिशतबाट बहाल कर १० प्रतिशत पुर्याउन तयारी गरेका हौ । तर व्यापक दबाब पछी हामी पछि हट्यौ । कार्यान्वयनमै दबाब दिने अनि स्रोत कसरी बढाउने त ? अब पशुहाट र कृषि बजारलाई व्यवस्थित बनाउने, बहुतले भवन बनाएर आयलाई थप सुदृढ बनाउने छौ । इन्द्रेणी ताल, सिपेनी, बन बाटिकालाई थप आकर्षक बनाउदै आन्तरिक आय मजबुत बनाउने तर्फ अघि बढ्ने छौ । |
| ३. | श्रीप्रसाद | - ४६ वटा शिर्षकमा हामी | रामकुमार थापा | - दमकमा मात्रै सडक |

| | | | | |
|---|---|---|---|---|
| | शिवाकोटी सुनाखरी टोल | दमकमा कर तिर्ने रहेछौ, तर सडकमा बालिरहेको बत्ती पनि अब नागरिकले महसुल तिर्नुपर्ने ? | नगर प्रमुख दमक नगरपालिका | बत्तीको महसुल झण्डै ८ करोड रुपैयाँ बक्यौता छ, अहिले हाम्रो स्रोतले तिर्न सक्ने अवस्थामा हामी छैनौ । तर तत्कालको समाधानका लागि टोल विकास संस्थाले नै विल तिर्ने गरि भने सिफारिस गरेका छौ । अझै के कति सहुलियत गर्न सकिन्छ, हामी छलफल गरि निर्णयमा पुग्ने छौ । |
| ४. | भीप्रसाद संग्रौला दमक ८ | हामी ३ पाङग्रे सवारी चालकहरुले ३१ बुँदे माग पेश गरेका थियौ, तीनको कार्यान्वयन भएन । दर्ता र नविकरण किन दमक नगरपालिकामा हुन सकेन, हामीले धेरै दुख पायौ । | रामकुमार थापा नगर प्रमुख दमक नगरपालिका | - दमकमा अहिले सवारी चालक परिचयपत्र नभएका चालकले समेत सिटी कुदाउने गरेको भेटेका छौ । दमक स्थायी बसोबास भएका सिटीहरुलाई निशुल्क र बाहिरकालाई कर लिने भनेर बर्गिकरण गरेका छौ । लाईसेन्स नहुनेलाई पहेँलो, हुनेलाई हरियो र बाहिरका लाई रातो स्टिकर टासेका छौ । नगरपालिकामा नै दर्ताको प्रकृयामा थियौ, तर मुद्धा परेर कानुनी अड्चन भएकाले यो काम अघि बढ्न सकेको छैन । नियमित अनुगमन गरिरहेका छौ । |
| ५. | पुष्पलाल सापकोटा, दमक ५ | अनाम टोलको नाली अव्यवस्थित भयो, व्यवस्थापनका लागि पहल गरिदिन पर्यो ।<br>भक्का बनाउन सडक पेटीमा दिइनु भएन, व्यवस्थित स्थान बनाइदिए दुर्घटनाको जोखिम कम हुने थियो । | रामकुमार थापा नगर प्रमुख दमक नगरपालिका<br><br>रेगिना भट्टराई, नगर उपप्रमुख | -त्यो एरियाको ढल व्यवस्थापन नगरपालिकाको स्रोतले सम्भव हुने देखिएन, माथिल्लो तह सम्म बजेट व्यवस्थापनको पहल गरि काम अघि बढाइने छ ।<br>- आदीबासी महिलाहरुलाई थप आत्मनिर्भर बनाउनका लागि नगरपालिकाले भक्का बनाउने महिलाहरुलाई |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रोहत्सान गरेको छ । थप व्यवस्थापनको पक्षमा छलफल पछी निर्णय लिने छौ । |
| ६. | गिता रिजाल<br>दमक ५ | सडक पेटीमा खाडल छन, ढल फुटेका छन् । सडकमा हिड्दा खाडलमा खुट्टा पस्छ भन्ने त्रास छ । ढलका ढकन फुटेका छन, मर्मत होस् । | गणेशराज कार्की, प्रमुख प्रशासकीय अधिकृत<br>र<br>रामकुमार थापा नगर प्रमुख दमक नगरपालिका | -हाम्रो ध्यानाकर्षण भएको छ । फुटपाथलाई हामी अपांगमैत्री बनाउने गरि काम गरेका छौ । अहिले एरियन हाइवे निर्माणको क्रमले समेत केही काम रोकिएको हो, सडक पेटी मर्मत वडा र नगरबाट नै हामी गरेर अघि बढ्ने छौ । |
| ७. | हेमराज सुवेदी<br>दमक ८ | - सीवेज ढलको लिकेज समाधन गर्ने दिर्घकालीन योजना के छ? फोहोर उठाउने गाडी किन सबै तिर जादैन ? | रामकुमार थापा नगर प्रमुख<br>र<br>गणेशराज कार्की प्रमुख प्रशासकीय अकृित | - दमक ८ मा अन्तिम बिन्दुमा हामीले व्यवस्थापन गर्ने सोचमा छौ । प्राविधिक सहितको टिमले अध्ययन गरिरहेको छ । ढलको ट्रिटमेन्ट प्लान सम्बन्धीत कम्पनीसँग बसेर सल्लाह गर्ने छौ । यस्तै ढल स्टोर प्लानको बिषयमा कुरा गर्ने छौ ।<br>फोहोरको गाडीका बिषयमा सेवाप्रदायक सँग जानकारी गराउने छौ । दमकका सबै वडामा फोहोर व्यवस्थापन नेक्स इराकै हो । |
| ८. | नेत्रप्रसाद रिजाल<br>दमक-८ | - ३ पाङ्ग्रे सवारी साधनले मनपरी भाडा उठाए । सार्वजानिक स्थानमा दर रेट तोकिदिन पर्ने भयो । | रामकुमार थापा नगर प्रमुख | - दर रेटका बिषयमा सबै पक्ष विच सहमति भएको छ । त्यस अनुसारै भाडा लिन आग्रह गर्दछु । अब पुन सबैले देख्ने स्थानमा दर रेट प्रकाशन गरि कार्यान्वयनमा ल्याइने छ । नगरपालिकाले त्यसको निरन्तर अनुगमन गरिरहेको छ । |

| | | | | |
|---|---|---|---|---|
| ९. | जयप्रसाद ढुगाना दमक ५ | दमक नगरपालिकाले अर्गानिक उत्पादनमा जोड दिनुपर्ने अवस्था भयो । बिषादीको अत्याधिक प्रयोगले स्वास्थ्यमा असर देखिन थालेको छ । दमक अस्पतालमा ज्येष्ठ नागरिकका लागि बिशेष व्यवस्था हुनुपर्यो । | रामकुमार थापा नगर प्रमुख | ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकका लागि घरमै पुगेर स्वास्थ्य सेवा दिइरहेका छौ । अस्पतालमा पनि ज्येष्ठ नागरिकका लागि बेग्लै लाइन र बेडको व्यवस्था गरिएको छ । नियमित औषधी ३ महिनाको दिने गरिएकोमा बिमा बोर्डले रोकिदिएपछी समस्या भएको छ । |
| १०. | प्रतिमा दाहाल दमक २ | बन क्षेत्र भित्र फोहोर व्यवस्थापन गर्ने नेक्स्ट इराको कार्यालय कसरी राख्न दिइयो ? कङ्क्रिटको संरचना निर्माण अनुमति कसले दिएको हो ?<br>दमक २ को माथिल्लो क्षेत्र चहीँ दमकको डम्पिङ साइट हो ? फोहोर म्यानेज गर्ने सेग्रिगेसन मेसिन खै ? | रामकुमार थापा नगर प्रमुख | - यो बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र र विश्व बैंकको समेत लगानी भएको प्रोजेक्ट हो । सबै कानुनी आधार पुरा गरेर काम भएको भन्ने मेरो जानकारी हो ।<br>-फोहोर व्यवस्थापन त्यहीँ गर्ने भनेर समझदारी अनुसार गरिएको हो । अन्यत्र बिकल्प भए छलफल गर्न सकिने छ । सेग्रिगेसन मेसिन चाडै आउदैछ, त्यसले फोहोर बर्गिकरण गर्ने र नष्ट समेत गर्ने छ । |
| ११. | ओम बानियाँ दमक ८ | मदनडागीँ डिपु सडक किन अपाङग मैत्री बनाइएन ? यत्रो संरचना निर्माण गर्दा ध्यान दिनुपर्ने हैन र ? | रामकुमार थापा नगरप्रमुख | हामीले काम शुरु गर्दा त्यसका बारेमा कसैले जानकारी भएन । अब धनबहादुर श्रेष्ठको घरदेखि आम्दा सम्म बनाउन सकिन्छ कि ? प्राविधिक र निर्माण कम्पनी विच छलफलले टुगोमा पुर्याइने छ । |

## १२. सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरुः

क) सार्वजनिक सुनुवाई कार्यविधि र आचारसंहिता पालना
ख) नागरिक प्रतिवेदन, बहिर्गमन अभिमत
ग) सामाजिक सञ्जाल, टेलिफोन र अन्य सञ्चारमाध्यमबाट प्रचार प्रसार
घ) नगरबासी, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजीवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे सार्वजनिक सूचना
ङ) वडा स्तरमा भेला तथा छलफल

## १३. सार्वजनिक सुनवाई कार्यक्रमबाट भएका सिकाइहरु

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाइ भएको छ ।
- सार्वजनिक सुनुवाईबाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।
- सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरबासीको उल्लेख्य उपस्थितिको लागि बृहत रुपमा प्रचार प्रसार गर्नु पर्ने सिकाइ भएको छ ।
- यस प्रकारको सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा नगरपालिकाको कार्य सम्पादनमा सहयोग पुग्ने ।
- यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल हुने ।
- जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको ।

### नागरिक प्रतिवेदन पत्र

### प्रस्तुतकर्ताः बाबुराम निरौला

सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यविधि अनुसार हामीले नगरपालिकाको विभिन्न वडाका नागरिकसँग प्रत्यक्ष रुपमा कुराकानी गरी नागरिक प्रतिवेदन तयार पारेका छौं । नागरिक प्रतिवेदन पत्र भन्नाले सेवाग्राहीले नगरपालिकाबाट सेवा लिँदा प्रत्यक्ष रुपमा भोगेर देखेका कुराहरुलाई समेटेर तयार पारेको प्रतिबेदन हो । हामीले दमक नगरपालिकाका विभिन्न वडाका नागरिकहरुसँग कार्यविधिमा उल्लेखित प्रश्नावली अनुसार १६० जना नागरिकसँग प्रत्यक्ष कुराकानी गरेर प्रतिवेदन फारम भरेका छौं । यसमा महिला, दलित, जनजाति, बालबालिका, तथा पिछडा वर्गलाई समेत समेटेर प्रतिवेदन तयार पारेका छौं । सो प्रतिवेदन यस प्रकार रहेको छ ।

दमक नगरपालिका दमक, झापा

नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) प्रश्नावली

भाग -१

| सि.नं. | सेवाको नाम | सोधिएका प्रश्न | सेवाको मूल्यांकन प्रतिशतमा | | |
|---|---|---|---|---|---|
| १ | सेवाको सन्तुष्टि | तपाईंले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनुभयो ? | सन्तुष्ट (३५%) | ठीकै (५१%) | असन्तुष्ट (१४%) |
| | | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाईं कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट (४० %) | ठीकै (५३ %) | असन्तुष्ट (७%) |
| २ | सेवाको नियमितता | नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईंले प्राप्त गर्नुपर्ने सेवामा लागेको समयप्रति कतिको सन्तुष्ट हुनुहुन्छ । | सन्तुष्ट (२२ %) | ठीकै (५५ % ) | असन्तुष्ट (२३ %) |
| | | कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त (३७ %) | ठीकै (५६ %) | अविश्वस्त(७%) |
| | | तपाईंले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नुभयो | तिरेको छैन (९३ %) | एकदमै कम (७ %) | धेरै तिरेको (० %) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ? | | | |
| | | यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेको छ ? | १ दिन (३० %) | २ दिन(३८ %) | धेरै दिन (३२ %) |
| ३ | सेवाप्रतिको जनविश्वास | यस संस्थाले दिने सेवाप्रति तपाईं कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त (२५ %) | ठीकै (५५ %) | अविश्वस्त (२० %) |
| | | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कतिको प्रचार गर्नुभएको छ ? | धेरै (५ %) | ठीकै (३५ %) | गरेको छैन (६० %) |
| | | यस संस्थामा कार्यरत कर्मचारीप्रति तपाईको विश्वास कत्तिको छ ? | धेरै (४०%) | ठीकै (५३ %) | विश्वास छैन (७ %) |
| | | यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनुभएको छ ? | छ (१६ %) | छैन (३५ %) | अलिअलि थाहा छ (४९ %) |
| ४ | सेवाको | यस कार्यालयबाट सेवा लिँदा कार्यालयले दिएको जानकारीबाट कतिको | सन्तुष्ट (२८ %) | कम सन्तुष्ट (३३ %) | असन्तुष्ट ( ३९%) |

| | | | | | |
|---|---|---|---|---|---|
| | गुणस्तर | सन्तुष्ट हुनुहुन्छ ? | | | |
| | | तपाईं यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ? | आफैं (९० %) | गाउँका ठूलाबडाको (३.२५ %) | मध्यस्थकर्ता (६.७५ %) |
| | | यस कार्यालयमा तपाईंले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ? | १ पटक (४०%) | २ पटक (२७ %) | सोभन्दा बढी (३३ %) |
| ५ | सेवा सम्बन्धी जानकारी | कार्यालयको भौतिक अवस्था कस्तो छ ? | अति राम्रो (९५ %) | ठीकै (४ %) | नराम्रो (१ %) |
| | | कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईंलाई जानकारी छ ? | छ (८२ %) | आंशिक जानकारी छ (११ %) | कुनै जानकारी छैन (७ %) |
| | | कार्यालय र सेवाग्राहीबीचको सम्बन्ध कस्तो छ ? | अति राम्रो (२० %) | ठीकै (७१ %) | खासै राम्रो छैन (९ %) |
| | | सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ? | २० प्रतिशतजति (१६ %) | ५० प्रतिशतभन्दा माथि (४९ %) | थाहा छैन (३५ %) |
| ६ | नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो | तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ? | धेरै (४%) | कम (५१ %) | गरेको छैन (४० %) |

| | | | | | |
|---|---|---|---|---|---|
| | सुन्ने अधिकारी सम्बन्धमा | तपाइँको विचारमा सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेजस्तो लाग्छ ? | धेरै (९ %) | ठीकै (६१ %) | अतिकम (२४ %) |
| | | तपाइँको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै भएको छ (४६%) | ठीकै भएको छ (३४ %) | भएकै छैन (२०%) |

## बहिर्गमन अभिमत

दमक नगरपालिका कार्यालय तथा वडा कार्यालयबाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका नागरिकमध्येबाट नमूना छनोट गरी बहिर्गमन सूचना संकलन गरियो । यसमा पुरुष, महिला, विभिन्न जातजातिको प्रतिनिधित्व गरिएको थियो ।

बहिर्गमन अभिमतबाट प्राप्त प्रतिक्रिया:

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन | | |
|---|---|---|---|---|
| १ | सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाइँलाई स्पष्ट जानकारी भयो | अति स्पष्ट (३३ प्रतिशत) | ठीकै (४८ प्रतिशत) | अस्पष्ट (१९ प्रतिशत) |
| २. | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै (२२ प्रतिशत) | ठीकै (२३ प्रतिशत) | थोरै (५५ प्रतिशत) |
| ३. | तपाइँप्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण (४० प्रतिशत) | ठीकै (५७ प्रतिशत) | अभद्र/ अमर्यादित (३ प्रतिशत) |
| ४. | सेवा प्राप्त गर्न आवश्यक | स्पष्ट गरिदिए | ठीकै | अलमल हुने गरी |

| | | | | |
|---|---|---|---|---|
| | सूचनाहरु बारे तपाईँलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | (४२ प्रतिशत) | (४८ प्रतिशत) | अस्पष्ट सूचना दिए ( १० प्रतिशत) |
| ५. | तपाईँले राख्नुभएका समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए (२७ प्रतिशत) | ठीकै (५३ प्रतिशत) | समाधान दिन सकेनन् (२० प्रतिशत) |
| ६. | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो (१४ प्रतिशत) | ठीकै (६५ प्रतिशत) | लामो र झन्झटिलो (२१ प्रतिशत) |

**बहिर्गमन अभिमतबाट आएका गुनासा तथा सुधार गर्नुपर्ने पक्षहरुः**

१) योजना निर्माणमा प्राथमिकिरण गरिनुपर्ने, योजना बैंकका आधारमा बजेट बिनियोजन गरिनुपर्ने ।
२) नागरिक वडापत्र राख्नुपर्ने, सुझाव पेटिकाका सुझाव कार्यान्वयन गरिनुपर्ने ।
३) बहाल करलाई व्यवस्थि तगर्ने, अनिवार्य रुपमा व्यवसाय दर्ताको व्यवस्था गर्नुपर्ने ।
४) दमक अस्पतालको व्यवस्थापन गरिनुपर्ने, अस्पतालको भौतिक सुधार गरिनुपर्ने ।
५) दमक अस्पतालमा नियमित रुपमा पाइने औषधीको व्यवस्था गरिनुपर्ने । ।
६) नदी नियन्त्रणलाई प्रभावकारी रुपमा काम गरिनुपर्ने ।
७) सभागृह, भ्यु टावर निर्माणको कार्यविधि निर्माण गरि तत्काल सञ्चालन गरिनुपर्ने । ।
८) कृषकलाई मलको समस्या रहेको र मल बिउ वडाबाटै वितरण हुनुपर्‍यो ।
९) हेल्प डेस्क प्रभावकारी बन्न नसकेको ।
१०) जनप्रतिनिधि कार्यालयमा समयमै आउनुपर्‍यो ।
११) पार्किङकको समस्या व्यवस्थापन गरिनुपर्ने ।
१२) वडा कार्यालयमा आवश्यक प्राविधिक कर्मचारीको व्यवस्थापन हुनुपर्‍यो ।

## कार्यक्रमको सवल पक्षहरु :

- नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहभागितामा कार्यक्रम संचालन गरिएको ।
- आर्थिक वर्षको वार्षिक प्रगति समिक्षा भौतिक तथा बित्तीय प्रगति प्रस्तुत गरिएको ।
- नागरिकहरुले गरेका प्रश्नहरुको जवाफदेही वक्ताहरुबाट चित्त बुझ्दो जबाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- वडा तह सम्म पुगेर नागरिकको गुनासोहरु लिएको ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सुचना सञ्चाल माध्यम र समाजिक सञ्जालबाट प्रशारण तथा प्रकाशन गरिएको ।
- नागरिक प्रतिवदेन र बर्हिगमन अभिमत प्रस्तुत गरिएको ।

## निष्कर्ष

दमक नगरपालिकाको सार्वजानिक सुनुवाईले नागरिकको गुनासा र आवश्यकताको विषयमा जानकारी गराएको छ । वडा कार्यालयले गरेको कार्यक्रमबाट सुशासन, जनताप्रति उत्तरदायी, जवाफदेही र नागरिकको भावना अनुरुप उत्प्रेरणा जगाइ वडामा सुशासन र जनता प्रति जवाफदेही रहन सो कार्यक्रम कोसेढुगाँ बन्ने विश्वास लिइएको छ ।

नगरपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । दमक नगरपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले भूमि व्यवस्थापन, खानेपानी समस्या, सडक पूर्वाधार, शिक्षा, कृषिको बजारीकरण, फोहर व्यवस्थापन, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र बिकास, राशायनिक मलको उपलब्धता, लागुपदार्थ दुर्व्यसनी, लगायत विषयमा प्रश्न, चासो र जिज्ञासा सहित सुझाव दिएका थिए । नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुख, पत्रकार लगायतको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । सहभागी नागरिकहरुले नगरपालिकाले निरन्तर सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न सुझाव दिएका थिए । कार्यविधिले ब्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गर्न सक्दा कार्यक्रमको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

कार्यविधिले ब्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गर्न सक्दा कार्यक्रमको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

# सार्वजनिक सुनुवाई कार्यक्रम बारे प्रकाशित सुचना

**अभिव्यक्ति स्वतन्त्रता जोखिममा**



बबिता बस्नेत

पृष्ठ २


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा

**फाल्गुनन्द चौक**

फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com


## पूर्वसन्देशका पाठकहरुमा सूचना

पूर्वसन्देश दैनिक नियमित पढ्ने पाठकहरुले बजार व्यवस्थापकको परिचय पत्र हेरेर, अनिवार्य रसिद लिएर मात्र पत्रिकाको शुल्क भुक्तानी दिनुहोला । पत्रिका बाँइन आएको आधारमा मात्र रकम भुक्तानी गरेमा कार्यालय जवाफदेही हुनेछैन । रसिद वा परिचय पत्र बिना कसैले रकम मागेमा निम्न ठेगानामा खबर गरेर सहयोग पुऱ्याउनु हुन अनुरोध छ ।

**सम्पर्क नम्बर**

९८१६९९९२००/९८४४४२४५०७


❑ वर्ष-२० ❑ अंक - ६१ ❑ २०८१ फागुन ८ गते बिहीबार ❑ Thursday, 20 Feb. 2025 ❑ मूल्य ७ /-


## देशभर हर्षोल्लाषका साथ मनाइयो प्रजातन्त्र दिवस

दमक/ ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा देशभर हर्षोल्लाषका साथ मनाइएको छ । दमकसहित झापामा प्रजातन्त्र दिवस विविध कार्यक्रमसहित मनाइएको छ ।

झापाको सदरमुकाम चन्द्रगढीमा प्रजातन्त्र दिवसको अवसरमा प्रभातफेरी निकालिएको छ । जिल्ला समन्वय समिति झापाको आयोजनामा सो प्रभातफेरी निकालिएको हो ।

जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वराज बरालको अध्यक्षता, भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल, प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, अरिदमन गण चारआलीका प्रमुख सेनानी प्राजु बस्न्यात, जिल्ला प्रहरी कार्यालयका कार्यालय प्रमुख प्रहरी उपरीक्षक मिलन के.सी., सशस्त्र प्रहरी बल नेपाल २ न गण हे.क्वा. झापाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक तुलबहादुर भण्डारी, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका उप-अनुसन्धान निर्देशक कुलचन्द्र नेपाल, संचारकर्मी, स्थानीय जनप्रतिनिधिहरू, विभिन्न संघ-सस्थाका प्रतिनिधिहरू, अन्य दर्जाका सुरक्षाकर्मीहरू, बिभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थीहरू र स्थानीय नागरिकको उपस्थितिमा "राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ सफल पारौ" भन्ने प्लेकार्ड तथा ब्यानरसहित प्रभातफेरी निकालिएको थियो ।

चन्द्रगढी बजार परिक्रमा गरी पुनः जिल्ला समन्वय समितिको भवनमा आई जिल्ला समन्वय समितिका प्रमुख बरालले राष्ट्रिय प्रजातन्त्र दिवसको बारेमा सम्बोधन गरेपछि कार्यक्रम समापन भएको थियो ।

## पूर्वराजा ज्ञानेन्द्रको प्रजातन्त्र दिवसको शुभकामनाबाट

# राजावादी उत्साहित, ठुला दल त्रसित

पूर्वसन्देश समाचार

दमक/ ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा पूर्व राजा ज्ञानेन्द्र शाहले दिएको अभिव्यक्तिले राजावादीलाई उत्साहित बनाएको छ भने ठूला दललाई त्रसित गराएको छ ।

ज्ञानेन्द्र शाहको अभिव्यक्तिलाई लिएर नेकपा एमालेका महासचिव शंकर पोखरेलले पूर्वराजा ज्ञानेन्द्र शाहलाई उचालेर राजनीतिक परिवर्तनलाई मास्न खोजिएको टिप्पणी गरेका छन् । उनले २०६२/०६३ को जनआन्दोलनपछि राजसंस्था हटाएर राजनीतिक परिवर्तन सफल भएको भएपनि केही शक्तिहरु फेरि पञ्चायती भूत उठाउने प्रयास गरिरहेको बताएका छन् । उनले कार्यकर्तालाई राजनीतिक परिवर्तनलाई संस्थागत गर्दै पूर्ण क्रान्ति सफल बनाउन तयार हुन समेत भनेका छन् । यसैगरी पूर्व राजाको उक्त सन्देशले राजाको पक्षमा लागेका राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका नेता, कार्यकर्ता भने उत्साहित देखिएका छन् ।

पूर्वराजा ज्ञानेन्द्र शाहले प्रजातन्त्र दिवसका अवसरमा 'देश जोगाउनका लागि आफूलाई साथ दिन' आह्वान गरेपछि राजावादीमा खुसियाली छाएको छ । राप्रपा, राप्रपा नेपालका नेताहरूले सामाजिक सञ्जालमार्फत आ-आफ्नो विचार अघि सार्न थालेका छन् ।

पूर्वराजाको सन्देशले अब राजतन्त्र पुनःस्थापनाका लागि निर्णायक संघर्ष हुने भन्दै फेरि एकपटक गोलबन्द हुनुपर्ने बताउन थालेका छन् । पूर्वराजाले आफूले गरेको त्यागलाई कमजोरी नठान्न पनि उनले दलहरूलाई चेतावनी दिएका थिए ।

'हामीले पहिले पनि राष्ट्रिय समस्या सुल्झियोस् भनेर त्याग गरेका हौं । नेपालको उन्नतिका लागि हामीबाट अरू के के त्याग गर्नुपर्ने हो, हामी तयार छौं । अब समय आयो । राष्ट्र जोगाउने हो भने, राष्ट्रिय एकता कायम राख्ने हो भने देशको समृद्धि र उन्नतिका निमित्त हामीलाई साथ दिन सबै देशवासीहरूलाई आह्वान गर्छौं,' पूर्वराजाले प्रजातन्त्र दिवसका अवसरमा भनेका छन् ।

पूर्व राजाको सो सन्देशपछि एक कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले देश र जनता बचाउनका लागि पूर्वराजा र जनताबिच साझेदारीको आवश्यकता रहेको बताएका छन् । बुधबार प्रजातन्त्र दिवसको अवसरमा राप्रपा नेपाल राजनीतिक विभागले आयोजना गरेको गोष्ठीलाई सम्बोधन गर्दै थापाले पूर्वराजाको चाहनालाई राष्ट्रिय मेलमिलापको प्रस्तावको रूपमा लिएर अगाडि बढ्नुपर्ने बताए । उनले भने, 'राजाको यति मात्रै चाहना रहेको छ। देश र जनतालाई बचाउन फेरि एकपटक राजा र जनताबिचमा साझेदारी आवश्यक छ। राजाले फेरि निरंकुश व्यवस्था र राजासंस्था स्थापना गर्ने चाहना व्यक्त भएको छैन। राजाको चाहनालाई राष्ट्रिय मेलमिलापको प्रस्तावको रूपमा ग्रहण गरेर सबै नेपाली अटाउने राजनीतिक प्रणाली विकास गर्नेतिर ध्यान दिन म आग्रह गर्न चाहन्छु।'

यसपटकको वक्तव्यमा उनले मूर्तरूपमै आफूलाई साथ दिन आह्वान गरेकाले राजावादी क्याम्प उत्साहित बनेको हो । राप्रपा महामन्त्री धवलशमशेर राणाले पूर्वराजाको कदमलाई आफ्नो दलले पूर्ण समर्थन गर्ने घोषणा गरिसकेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता ज्ञानेन्द्र शाहीले फेसबुकमार्फत सबैलाई तयारी अवस्थामा रहन आह्वान गरेका छन् । 'प्रजातान्त्र दिवसको उपलक्ष्यमा शुभ सन्देश प्राप्त जो जहाँ छौ त्यतै स्थानमा रहनका साथै तयारी अवस्थामा रहन अनुरोध गर्दछौं । यो सन्देश सबैमा पुऱ्याउन अपील गर्दछौं,' उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'पूर्वराजाको अभिव्यक्ति यत्तिकै हचुवामा आएको होइन । पूर्वराजालाई साथ दिन अब हामी अगाडि बढ्ने हो । संसददेखि सडकसम्म हामी जनमतसंग्रहको आवाज उठाउँछौं । यसको छिनोफानो हुनैपर्छ ।' शाहीले राजावादी सबै शक्ति र गणतन्त्रवादी पार्टीहरूमा रहेका राजाका शुभेच्छुकहरु एक ठाउँमा आएर आन्दोलनको आँधिबेहेरी ल्याउने बताएका छन् ।

## प्रविधि र बजारीकरण गर्न सके युवा कृषिमा टिक्न सक्ने

**बिर्तामोड**/ नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले प्रविधिको उच्चतम प्रयोग, किसानका उत्पादनको बजारीकरण गर्नसके युवाहरुलाई पनि कृषि पेशामा टिकाउन सकिने बताएका छन् ।

नेपाल किसान महासंघ झापाको चौथो जिल्ला अधिवेशनको उद्घाटन समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै सभापति थेवेले यस्तो धारणा राख्नुभएको हो । उनले भातृ तथा शुभेच्छुक संघसंस्थालाई सक्रिय बनाउन पार्टीले सबै प्रकारको सहयोग गर्ने प्रतिबद्धता पनि जनाए ।

कार्यक्रममा बोल्दै महासंघका केन्द्रीय सदस्य एवं झापाका लागि केन्द्रीय प्रतिनिधि हरिबहादुर खनालले बिचौलिया र सरकारी अनुदान बितरणमा भएका कमीकमजोरी पत्ता लगाएर अनुदान वास्तविक किसानसम्म पुऱ्याउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा अर्को केन्द्रीय प्रतिनिधि एवं केन्द्रीय सदस्य जानुका थापाले किसानहरुको उन्नति र युवाहरुलाई कृषि पेशामा टिकाइराख्नका लागि सरकारले अनुदान रकम बढाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डे, पूर्व उपसभापति राम कट्टेल, नेपाल किसान महासंघका केन्द्रीय सदस्य कालु मेचे, कोशी प्रदेश अध्यक्ष राजेन्द्र भट्टराई, नेपाली कांग्रेस झापाका सदस्य दुर्गाप्रसाद सापकोटा, नेपाल महिला संघ झापाका अध्यक्ष टिका सिटौला मैनाली, नेपाली कांग्रेस २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनालीलगायतले शुभकामना मन्तव्य राखेका थिए । मन्तव्य राख्ने अधिकांश बक्ताहरुले नेपाली कांग्रेसले किसानलाई जहिले पनि प्राथमिकतामा राखेको चर्चा गरे ।

नेपाल किसान महासंघ झापाका सभापति रतन थिङ्लाबोको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत सहसचिव कृष्ण गौतम र सञ्चालन सचिव यादव गिरीले गरेका थिए ।

अधिवेशनले रतन थिङ्लाबोकै नेतृत्वमा २१ सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्मत रुपमा चयन गरेको छ । गठित समितिको उपाध्यक्षमा शेखरनाथ अधिकारी, सचिवमा यादव गिरी चयन भएको निर्वाचन समिति संयोजक जयकुमार दाहालले बताए बाँकी ४ पेजमा ▸▸

## कांग्रेस सभापति देउवा भारत जाँदै



काठमाडौ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा भारत जाने भएका छन् । इण्डिया फाउण्डेसनले प्रयागराजमा आयोजना गर्न लागेको 'कुम्भ ग्लोबल समिट अन डेभलपमेन्ट एण्ड सस्टेइनबेलीटी' मा सहभागी हुन देउवा देउवा भारत जान लागेका हुन् ।

कुम्भ ग्लोबल समिट प्रयागराजमा शुक्रबार र शनिबार हुने छ । देउवा बिहीबार नै त्यसतर्फ जाने बुढानिलकण्ठ स्रोतले बतायो । देउवा वक्ता रहेको समिटिमा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसमेत सहभागी हुँदैछन् । समिटमा सहभागी भएपछि देउवा महाकुम्भ मेलामा सहभागी भई गंगा स्नान गर्ने बुझिएको छ । १४ फागुनमा कुम्भ मेला सकिँदैछ । कांग्रेस महामन्त्री गगन थापा, नेता अर्जुननरसिंह केसी, प्रवक्ता डाप्रकाशशरण महतलगायत दर्जनौ कांग्रेस नेता कुम्भ मेलामा सहभागी भएर गंगा स्नान गरेका छन् ।

## प्रकृतिको शव परिवारलाई हस्तान्तरण

दमक/ भारतको ओडिशास्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) मा अध्ययनरत नेपाली विद्यार्थी प्रकृति लम्सालको शव दुई दिनपछि परिवारलाई हस्तान्तरण गरिएको छ । आइतबार होस्टल कोठामा मृत भेटिएकी प्रकृतिको शव मंगलबार राति परिवारलाई बुझाइएको हो । भुवनेश्वरस्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) मा पोस्टमार्टमपछि शव परिवारलाई हस्तान्तरण गरिएको हो । उनको शव अन्त्येष्टिका लागि नेपाल ल्याईंदै छ । प्रकृतिले आत्महत्या गर्नुको कारण विश्वविद्यालयकै तेस्रो वर्षमा अध्ययनरत मेकानिकल इन्जिनियरिङ विद्यार्थीको मानसिक दबाब रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । आरोपी अद्विक श्रीवास्तवलाई भुवनेश्वर विमानस्थलबाट प्रहरीले पक्राउ गरि अनुसन्धान गरिरहेको छ । उनको न्यायको माग गर्दै विद्यार्थीहरूले विश्वविद्यालय परिसर बाहिर मौन प्रदर्शन गरिरहेका छन्। प्रशासनविरूद्ध विद्यार्थीहरूले आक्रोश पोखिरहेका छन् । यसअघि ओडिशा सरकारले मंगलबार घटनाको सत्य तथ्य पत्ता लगाउन छानबिन समिति गठन गरेको थियो। उक्त तीन सदस्यीय समिति प्रमुख सचिव (गृह) को नेतृत्वमा रहनेछ भने उच्च शिक्षा सचिव र महिला तथा बाल विकास सचिव सदस्य छन् ।

समितिले केआईआईटी होस्टलमा प्रकृतिको मृत्युका कारण पत्ता लगाउनुका साथै विश्वविद्यालयले न्यायको माग गर्ने विद्यार्थीलाई निलम्बन किन गऱ्यो भन्नेबारे पनि छानबिन गर्नेछ । साथै, विश्वविद्यालय प्रशासनले घटनाबारे राज्य सरकारलाई जानकारी नदिएको विषयमा पनि अनुसन्धान गरिनेछ । प्रकृतिको मृत्यु र त्यसपछि विद्यार्थी आन्दोलन चर्किएपछि प्रहरीले केआईआईटी विश्वविद्यालयका पाँच जना अधिकारीलाई पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरूमा शिवानन्द मिश्र (५९ वर्ष) - मानव संसाधन महानिर्देशक, प्रताप कुमार चम्पाटी बाँकी ४ पेजमा ▸▸

## वडाध्यक्ष नेम्वाङको निधन

**फिदिम**/ पाँचथरको फाल्गुनन्द गाउँपालिका ३ का वडाध्यक्ष सुखबीर नेम्वाङको निधन भएको छ । ५६ वर्षीय नेम्वाङ घाँटीको क्यान्सरबाट पीडित थिए ।

उनको बुधबार बिहान फाल्गुनन्द ३ पौवासार्तापस्थित घरमा निधन भएको गाउँपालिका अध्यक्ष बृजहाङ आङदेम्बेले जानकारी दिए । उनलाई लामो समयको उपचार पश्चात भक्तपुर क्यान्सर अस्पतालले दुई साताअघि घर फर्काएको थियो ।

बाँकी ४ पेजमा ▸▸

## कोशीको आमसञ्चार विधेयकमा संशोधनको वर्सा, के छ विधेयकमा ?

विराटनगर/ कोशी प्रदेश सरकारले ल्याएको आमसञ्चार विधेयक विवादमा छ । उक्त विधेयक पूर्ण नभएको कतिपय कुरा हटाउनु पर्ने र कतिपय थप्नुपर्ने भन्दै प्रदेशसभा सदस्यहरूले विरोध मात्र गरेका छैनन संशोधनको वर्सा गराएका छन् । प्राप्त समाचार अनुसार १३ जना सांसदहरूले १२ वटा संशोधनको सूचना प्रदेशसभा सचिवालयमा दर्ता गरेका छन् ।

विधेयकमाथि सैद्धान्तिक छलफल सकिएपछि सभामुखले दिएको ७२ घण्टाको समयभित्र १३ सांसदहरूले विधेयकका अधिकांश दफामा संशोधन गर्ने सूचना दर्ता गरेका हुन् । विधेयकमाथि सत्तापक्षकै दल नेकपा एमालेका प्रमुख सचेतक विदुरकुमार लिङ्थेप, काँग्रेसका प्रमुख सचेतक गोपाल तामाङ तथा विधायन समितिको सभापति कमला दर्नालसमेतले संशोधन दर्ता गराएका छन् ।

विधेयकमा भने प्रतिष्ठानको अध्यक्षदेखि सदस्य र रजिष्टारसम्म पत्रकार नियुक्त गर्ने व्यवस्था छ । तर, उनीहरूको नियुक्ति र बर्खास्तीको प्रक्रिया सरकार नियन्त्रित छ । यसरी बन्ने संस्थालाई दण्ड र सजायको अधिकार दिँदा निष्पक्ष नहुने जानकारहरु बताउँछन् । विधेयकमा सरकारले मिडिया प्रतिष्ठानलाई निर्देशन दिने र त्यसको पालना गर्नुपर्ने व्यवस्था छ । त्यसले प्रतिष्ठानको स्वायत्ततालाई सरकार केन्द्रीत बनाइएको छ । बाँकी ४ पेजमा ▸▸

## इट्टा उद्योगमा पालिकाको अनुगमन अधिकांश श्रमिक भारतीय

*दमक/ झापाको कमल गाउँपालिकाका विभिन्न इट्टा उद्योगमा बाल मजदुरहरूको प्रयोग हुँदै आएको पाईएको छ ।*

*कमल १ मा सञ्चालित सिद्धकाली ब्रिक्सले 'एवन' र केर्खा ब्रिक्सले 'झापाली' ब्राण्डको इट्टा उद्योगमा भारतीय बालमजदुरहरूले काम गरिआएको पाईएको हो ।*

*मंगलवार गाउँपालिका अध्यक्ष हुकुमसिंह राईको नेतृत्वमा महिला तथा बालबालिका शाखा, योजना शाखाको अनुगमन टोलीले अनुगमनमा क्रममा त्यहाँका इट्टा उद्योगमा कानुन विपरीत बालमजदुरहरूले काम गरिआएको पाईएको अनुगमनमा संलग्न टोलीका एक सदस्यले बताएका छन् ।*

*०६८ सालदेखि सञ्चालनमा आएको एवन इट्टाका सञ्चालक विष्णु कार्की हुन् भने झापाली इट्टा दमकका व्यवसायी भगवान बस्नेतले सञ्चालन गरिआएका छन् । दुवै उद्योगमा ५ सय बढी मजदुरहरू कार्यरत छन् ।*

*वर्षदिन अघि मात्र कमल गाउँपालिकालाई बालश्रम मुक्त कोशीकै पहिलो पालिका घोषणा गरेको थियो । बालश्रम मुक्त घोषणालाई चुनौती दिने गरि ती इट्टा उद्योगमा बालमजुरहरूले काम गरिआएको भन्ने सूचनाका आधारमा इट्टा उद्योगमा गाउँपालिकाले अनुगमन गरेको हो ।*

*पालिका अध्यक्ष राईले ती दुवै इट्टा उद्योगमा अनुगमनका क्रममा सात जना बालमजदुरहरूले काम गरिआएको पाईएको बताए । एवानमा ४ जना र झापाली इट्टा उद्योगमा ३ जना बालबालिकाहरूले श्रमगरिआएको भेटिएको उनको भनाई छ । इट्टा उद्योगमा बालमजदुरहरूले काम गरिआएको भेटिएपछि ती श्रमिकको थप पहिचान खुल्ने आवश्यक कागजात झिकाई उनीहरू बालबालिकानै पुष्टि भएको उनले बताए । एउटा उद्योगमा दुई सयका हाराहारीमा मजदुरले काम गरिआएका र अधिकांस श्रमिक भारतीय नै छन् ।*

*उनले भने, -'हामीले उद्योगलाई बालमजदुर नराख्न सचेत गराएका छौं, अब उप्रान्त त्यस्तो पाईए नियमानुसार कारवाही गर्न बाँध्य हुने छौं ' उद्योग परिषर भित्र र बहिर बालश्रम मुक्त व्यवसाय भनेर लेखिएका सूचनामूलक बोर्ड टाँगिएका छन् । तर, त्यही सूचनालाई लत्याउदै इटा उद्योग सञ्चालकहरूले बालश्रम शोषण गरिआएको पाईएपछि बालश्रम मुक्त घोषणा कार्यान्वयन गर्न अभियान चालु परेको अध्यक्ष राईले बताए । कमलमा तीन वटा इट्टा उद्योग सञ्चालनमा छन् । तर, इटा उद्योग सञ्चालकहरूले भने भारतीय मजदुरमै निर्भर रहनु पर्ने समस्याका कारण उद्योगमा यस किसिमको समस्या देखिएको बताएका छन् ।*

*केर्खा ब्रिक्सका सञ्चालक* बाँकी ४ पेजमा ▸▸


**ठूलो ट्यांकीमा कम्प्रेसर प्रविधियुक्त**

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :

**देवीप्रसाद सिटौला**

(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:

राजकुमार श्रेष्ठ

९८०६०१०४१०


## दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय दमक झापाको

## सार्वजनिक सुनुवाईमा सहभागिताको लागि अनुरोध

दमक नगरपालिकाको चालु आर्थिक बर्ष २०८१/०८२ मा हालसम्म भए गरेका काम,कारबाही, सेवा प्रवाहलगायतका विषयमा तपसिलको मिति, स्थान र समयमा **सार्वजनिक सुनुवाई कार्यक्रम** आयोजना गरिएकाले उक्त कार्यक्रममा उपस्थिति भैदिनु हुन सम्पूर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, सार्वजनिक सेवा प्रवाह गर्ने सबै कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, गैरसरकारी संघ-संस्था, टोल बिकास संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, स्थानिय बुद्धिजीबिहरु, स्थानीय सुरक्षा निकाय, नागरिक समाज, पत्रकार तथा सम्पूर्ण नगरबासी र सरोकारवालाहरु सम्बन्धित सबैमा दमक नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**सार्वजनिक सुनुवाई हुने मिति,स्थान र समय**

- मिति : २०८१/११/०९
- समय : बिहान ११ बजेदेखि
- स्थान : दमक नगरपालिकाको सभाहल

# सार्वजनिक सुनुवाई कार्यक्रमको विभिन्न प्रत्रिकामा प्रकाशित समचारहरु



दलहरुले बिर्सिंदै गएको प्रजातन्त्र दिवस

ओमप्रकाश गौतम

पृष्ठ २


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ।**

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं. ६९ ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक: देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९९८५)

बिर्तामोड: राजकुमार श्रेष्ठ
९८०६०१०४१०





वर्ष-२० | अंक - ६३ | २०८१ फागुन १० गते शनिबार | Saturday, 22 Feb. 2025 | मूल्य ७ /-


## फोहोर डम्पिङ साइडको अव्यवस्थाले चलखेलमा मद्दत

# दमक आसपास हात्तीको त्रास

खगेन्द्र कार्की

दमक/ दमक नगरपालिका वडा नं. २ र वडा नं. ३ हात्तीको बदमासीले त्रसित बनेको छ। हरेक दिनजसो आउने हात्तीले कतै न कतै केही न केही बदमासी गरेर जाने गरेको स्थानीयबासीको गुनासो छ। उनीहरू भन्छन्- दमक नगरपालिकाले दमक बजारको फोहोरलाई व्यवस्थापन गरिदिए हात्ती आउने क्रम कम हुने थियो। जगलभित्र खानेकुरा नपाएर भोकाएको हात्ती फोहोरकै कारणले आउने र बस्तिमा पस्ने गरेको स्थानीयबासीको भनाई छ। हात्तीको कारणले स्थानीयबासी रातमा ढुक्कले सुत्न सक्ने अवस्थामा छैनन्। हतार र अत्यास मनले झुकझुक हुँदै उनीहरू विक्षिप्त र त्रासदीपूर्ण मनले ओछ्यानमा ढल्कन्छन तर निदाउन भने सक्दैनन।

प्राय: हात्ती पनि राती नै आउने गरेको छ। कहिले एउटा, कहिले दुईवटा कहिले बथानै पनि आउने गरेका छन्। दैनिक रोजीरोटीलाई थाँती राखेर हात्तीको पछाडि दौडिनुपर्ने दिनचर्या त्यहाँका बासिंदाको बनेको स्थानीय अभिनारायण चम्लागाई बताउँछन्। हात्तीले दिनु दु:ख दिएको छ। अरूलाई सुन्दा सामान्य लाग्ला तर हामी कतिखेर मरिने हो वा जायजेथा कतिखेर ध्वस्त हुने हो भन्ने चिन्तामा रहन्छौ। यो क्षेत्रमा हात्तीको बदमासी आजको होइन। यसको दीर्घकालिन समस्या समाधानको लागि फोहोर यता ल्याउन छोड्नु पर्‍यो कि फोहोर हात्तीले नदेख्ने प्रविधिको विकास गर्नुपर्‍यो। यतिखेर त्यो फोहोरकै कारणले हात्ती आउने र लामो समयसम्म त्यतै अलमलिने र बास बस्ने गरेको उनी सुनाउँछन्।

दु:खजिलो गरेर भोलिका लागि जोहो गरेको अन्नपात हात्तीले छिनभरमै सिध्याईदिंदा भोलि के खाने भन्ने चिन्ता थपिएको वडा नं. ३ कै अञ्जु निरौला बताउँछिन्। श्रीमान विदेशमा, दुईटा नानीको साथमा घरमा एक्लै बसेकी निरौलाको घरमा गतहप्ता हात्तीले खाना पकाउने ठाउँसहित घरको गाह्रो र झ्याल नै भत्काइदियो। राती निदाएको बेलामा गन्ड्याङ र गुण्डुङ गरेको सुनेपछि अत्तालिंदै बाहिर निस्कँदा सबै लथालिंग पारिसकेको रहेछ। गोठमा एउटा भैसी थियो सुरुमा त्यही भैसी फुकेछ भन्ने लागेर धपाउन गएको त हात्ती पो रहेछ अनि चिच्याएर कराए पनि छिमेकीहरू भेला भएर कोलाहल गर्ने, राँको बाल्ने, थाल ठटाउने गरेपछि एक घण्टापछि बल्ल जंगलभित्र गयो। तोरीबारी माड्दै आएको हात्तीले घरमा विध्वस मच्चाएर जगलभित्र छिरेको थियो। अर्को हात्तीले अलि परतिर जंगलमा देखिएको भएपनि गाउँ भने एउटा हात्ती पसेको उनी बताउँछिन्। स्थानीय सरकार, वन कार्यालय कसैले पनि आफ्नो समस्या बुझ्न नआएको दुखेसो पनि गरिन्। एक्लै बस्दा समस्या होला भनेर भत्किएको गाह्रो आफैले बनाउन लगाए। अब फेरी कहिले आएर के गर्ने हो कुनै पत्तो नभएको उनी सुनाउँछिन्। उनी भन्छिन- हात्तीको दीर्घकालीन समाधानको उपाय सरकारले गरिदिए हुने र सबैभन्दा पहिला दमक बजारको फोहोर यतातिर नफ्याकिंदिंदा पनि हात्ती आउने क्रम अलि रोकिन्थ्यो भन्ने लाग्छ।

हात्तीले भौतिक क्षति मात्र गरेको छैन मंसिरमा दमक ३ कै ४५ वर्षीया मिन बहादुर भण्डारीको ज्यान समेत लिएको छ। दीपज्योति टोलका सुविन भट्टराईको भान्सा घर हात्तीले भत्काउन थालेपछि सहयोगका लागि आएका भण्डारीलाई सय मिटर परसम्म खेदाएर हात्तीले भण्डारीको ज्यान दिएको प्रत्यक्षदर्शी बताउँछन्। यस अघि पनि पटक पटक मानविय क्षति हात्तीबाट भोग्दै आएका त्यहाँ स्थानीयबासीका लागि ज्यान जोगाउन निकै धौधी परेको छ।

अर्का स्थानीय रविन भण्डारीको दिनचर्या पनि उस्तै बताउँछन्। दिनहुँ जसो आउने हात्तीले टिकी खान नदिने अवस्था सिर्जना भएको छ। हात्तीले धेरै क्षति बालनालीलाई गर्ने र घरमा आएर घर भत्काउने, बाहिर राखेका सामानहरू तोडफोड गर्ने, मटरसाइकल नै लडाइदिने, फुटाइदिने गरेको भण्डारीले बताए। उनी पनि हात्ती पीडित हुन तर क्षतिपुर्ति दिंदैछ भन्ने सुनेको छु तर अहिलेसम्म नलिएको बताउँछन्। उनी जंगलभित्र हात्तीको खानाको व्यवस्थापन मिलाउन सक्दा, फोहोरलाई बाहिर नदेखिने गरी व्यवस्थापन मिलाइदिंदा हात्ती आउने क्रम रोकिन्थ्यो कि भन्ने लाग्छ- उनी समाधानको पाटो सुझाउँछन्। दमक नगरपालिकाले अव्यवस्थित रूपमा फ्याकेको फोहोरलाई व्यवस्थित गर्न जरूरी छ, उनी थप्छन्- फोहोर फाल्नु अगाडि हात्तीले यतिसारो दु:ख दिएको थिएन।

वन विभागका कर्मचारी तथा स्थानीय दुर्गाप्रसाद ढकाल सुरूमै फोहोरमैलातिर गए। २ वर्षदेखि हात्ती यो क्षेत्रमा बसिरहेको पनि उनले बताए। फोहोर मैला कहिँ कतै लगेर सुरक्षित राखिदिए वा व्यवस्थापन मिलाइदिए अरू त केही नभए पनि राती सुत्न चाहि आनन्दले पाइन्थ्यो कि भन्ने भा छ। उनले सामान्य गुजारा गर्न घाँसदाउरा गर्नै पर्छ। अहिले त जगल पस्यो भने निस्किन पाइन्छ कि पाइन्न भन्ने भा छ। खेतीपाती थोरै। घाँसदाउरालाई जगलै जानुपर्ने बाध्यता। अहिले त यहाँ सन्नाटा छाएको छ भन्दा पनि हुन्छ। न जगल पस्न सकिन्छ नत घरमा सुत्ननै

बाँकी ८ पेजमा ▸▸

# दमक नगरपालिकाको सार्वजनिक सुनुवाई



दमक/ दमक नगरपालिकाले चालू आर्थिक वर्षको अर्धवार्षिकमा के कस्ता कामहरू गर्‍यो, के कस्ता प्रगति भए र कस्ता चुनौतीहरू रहेका छन् भनेर सार्वजनिक सुनुवाई गरेको छ। सँगसँगै अर्धवार्षिक समीक्षा पनि गरेको छ। सार्वजनिक सुनुवाईमा ६ महिनाको अवस्था विश्लेषण र सहभागीहरूले उठाएका प्रश्नहरूमा सवाल जवाफ दिइएको छ। ति जवाफहरू नगर प्रमुख राम कुमार थापा, उप-प्रमुख रेगिना भट्टराई प्रसाई र प्रमुख प्रशासकीय अधिकृत गणेशराज कार्कीले दिएका छन्। सहभागीहरूले दमकको कार्यक्षमता, प्रगति, विद्यमान अवस्था, समस्या र चुनौतीका बारेमा उठाएका प्रश्न र जिज्ञासाहरूको जवाफ नगर प्रमुख थापा, उप-प्रमुख थापा र प्रमुख प्रशासकीय अधिकृत कार्कीले चित्तबुझ्दोगरी दिएका थिए।

सार्वजनिक सुनुवाईमा भौतिक पूर्वाधार, विकास निर्माण, फोहोरमैला व्यवस्थापन, सडक निर्माणका क्रममा भइरहेको ढिलासुस्ती र उपभोक्तामा परेको असर, दमक अस्पतालमा भइरहेको सेवा प्रवाह, सडक बत्तीको व्यवस्थापनमा देखापरेका समस्या,

बाँकी ८ पेजमा ▸▸

# रक्तदानबाट ७६ पिन्ट रगत संकलन



दमक। ८९ औं महाशिवरात्री पर्वको अवसरमा ब्रम्हाकुमारी राजयोग सेवा केन्द्र, समाज सेवा प्रभाग दमकले खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

दमक-५ स्थित सेवा केन्द्रको भवनमा आयोजित यो रक्तदानबाट ७६ पिन्ट रगत संकलन भएको छ।

दमक नगरपालिकाका नगरप्रमुख रामकुमार थापाको प्रमुख आतिथ्यता, नेपाल रेडक्रस सोसाइटी उपशाखा दमकका सभापति प्रकाश बुढाथोकीको विशिष्ठ आतिथ्यतामा आयोजित सो कार्यक्रमको सभापतित्व ब्रम्हकुमारी राजयोग सेवा केन्द्र दमक प्रमुख सञ्चालिका तथा समाज सेवा प्रभागकी क्षेत्रिय संयोजक ब्रम्हाकुमारी राधा दिदीले गरेकी थिईन्। विभिन्न विद्यालय तथा कलेजका प्रमुखहरु, सामाजिक अभियन्ता, पत्रकार, समाजका प्रबद्ध व्यक्तित्व लगायतको आतिथ्यता रहेको थियो। सो कार्यक्रममा प्रमुख अतिथि थापाले रगतको अभावबाट कसैको ज्यान नजाओस् भनेर सचेत र जिम्मेवार भएर आयोजना गरिएको यो कार्यक्रम महापुण्यको रहेको बताए। कार्यक्रममा समाज सेवा प्रभाव दमककी सल्लाहकार इन्दु सिग्देलले धन्यवाद ज्ञापन गरेकी थिएन।

बाँकी ८ पेजमा ▸▸

# आगलागीबाट २२ जनाको मृत्यु

दमक/ माघ महिनामा मात्रै मुलुकभर चार सय ७८ वटा आगलागीका घटना भएका छन्। ती आगलागीका घटनाबाट २२ जनाको मृत्यु भएको नेपाल प्रहरीका प्रवक्ता, प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले जानकारी दिए।

उनका अनुसार मृत्यु हुनेमा ११ पुरूष, १० महिला र एक बालक छन्। घटनामा २६ पुरूष, ५४ महिला, चार बालक र तीन बालिका गरी ८७ जना घाइते भएका छन्। आगलागीका घटनाबाट १७ परिवार विस्थापित भएको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ।

आगलागी नियन्त्रणमा तीन हजार ५०३ जना प्रहरी परिचालन भएको पनि आचार्यले बताए। सबैभन्दा बढी कोशी प्रदेशमा आगलागी एक सय २९ वटा आगलागीका घटना भएको छ।

त्यसपछि मधेशप्रदेशमा ८९, बागमती प्रदेशमा ४२, काठमाडौं उपत्यकामा ३७, गण्डकी प्रदेशमा ३९, लुम्बिनी प्रदेशमा ६३, कर्णाली प्रदेशमा ३२ र सुदूरपश्चिम प्रदेशमा ४७ आगलागीका घटना भएको प्रहरीले जानकारी दिएको छ। प्रहरी प्रवक्ता आचार्यले ती आगलागीबाट ६८ वटा घर, ६६ वटा गोठमा क्षति भएको छ। कूल दुई सय ४७ वटा पशुचौपाय क्षति भएको छ। ती आगलागीबाट रू १८ करोड ४८ लाख भन्दा बढीको आर्थिक क्षति भएको प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरेको विवरणमा उल्लेख छ।

# कुटपिट र तोड्फोड विरुद्धमा यातायात बन्द

**ताप्लेजुङ**/ ताप्लेजुङको फुङलिङदेखि पाथिभरा क्षेत्रको काफ्लेपाटी सम्मको यातायात अनिश्चितकालीन बन्द भएको छ। यातायात व्यावसायी सङ्घ काफ्लेपाटीले बन्द आह्यान गरेको हो। प्रहरी र आन्दोलनरत पक्षबीच झडप भई घाइते भएकाहरूको उद्धारका लागि पुगेका रेडक्रसकर्मी, उद्योग वाणिज्य सङ्घ कर्मी र इन्सेक प्रतिनिधि चढेको गाडी आन्दोलनरत पक्षले बिहीबार तोडफोड गरेका थिए। गाडी तोडफोडसँगै चालकलाई समेत कुटपिट गरेको र उक्त जिम्मा आन्दोलनरत पक्षले नलिएसम्म यातायात ठप्प गरिएको यातायात व्यावसायी सङ्घ काफ्लेपाटीका अध्यक्ष कुमार लिम्बूले जानकारी दिनुभयो। अहिले घाइते चालक र झडपमा घाइते भएका सुरक्षाकर्मीहरूलाई उपचारको लागि जिल्ला अस्पताल ल्याइएको छ।

उक्त झडपमा परि सुरक्षाकर्मी र आन्दोलनरत पक्ष बिचको झडपमा १३ जना घाईते भएका छन्। आन्दोलनरत पक्षले केबलकार निर्माण क्षेत्रमा गई नाराबाजी गरिरहेका छन्। यतिबेला होटलहरू समेत बन्द छन्।

बाँकी ८ पेजमा ▸▸

# औषधीय गुण भएको सोहिजन राम्रो आम्दानीको स्रोत बन्दै



**दमक**/ सोहिजनका बोट (रुख)मा सेताम्य फूलेपछि यहाँका किसान हर्षित भएका छन्। बोलिचालीमा मुन्गा भनिने यो तरकारीको मधेसको मिथिला क्षेत्रमा विशेष महत्व छ।

"यसपालि सोहिजन राम्रो फुलेको छ, फलअनुसार फल लागे मनग्गे आम्दानी लिन सकिन्छ", बर्दिबास-२ ओमशान्ति चोकका भोला महतो भन्नुहुन्छ, "वैशाखमा त बजार पुर्‍याउन नपाउँदै बिक्री हुन्छ।" मिथिलाक्षेत्रमा वैशाख सङ्क्रान्तिमा मनाइने जुडशीतल पर्वमा यसबाट विशेष परिकार बनाउने चलन छ।

माघमा फुल्ने र चैत अन्तिमतिर फल्ने सोहिजन बजारमा रुचाइने तरकारीमा पर्छ। हाँगा काटेर पाखो जग्गा र खेतका आलीमा गाडेर मात्रै पनि सोहिजनको खेती गर्न सकिन्छ। "न गोडमेल चाहिने, न अरु बालीलाई जस्तो स्याहार चाहिने, सामान्य रेखदेखमात्रमै यो हुर्काउन सकिन्छ", भङ्गाहा-४ रामनगरका जुगल सदा मुसहर भन्छन्, "घर पछाडि दुई/तीन वटा बोट छन्, बर्सेनी यसको बिक्रीबाट रु ८/१० लाख आम्दानी हुने गरेको उनको तर्क छ।"

पछिल्लो समय यसको माग बढ्न थालेपछि किसानहरु पनि व्यावसायिक खेतीमा आकर्षित हुन थालेका छन्। मौसमी तरकारी मानिने सोहिजन अब बाह्रैमास फल्ने पनि बाक्लै बढ्दै गएको यहाँका किसानको भनाइ छ। "पहिले त पाँच/छ वटा बोट थिए, पछिल्ला पाँच वर्षयता बर्सेनि अलिअलि बढाउँदै अहिले २५ वटा पुर्‍याएको छु", भङ्गाहा-५ भूचक्रपुरका किसान भगलु महतो भन्छन्, "अन्य कुनै बालीभन्दा यसबाट बढी नगद लिंदै आएको छु।" सोहिजनको तरकारी गुणकारी भएकाले मैथिल

बाँकी ८ पेजमा ▸▸


**गंगा ट्राभल्स एण्ड टुर्स**

हाम्रा सेवाहरू:
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
सम्पर्क:
गंगा ट्राभल्स एण्ड टुर्स.
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

**तपाईंको दाँतमा कुनै समस्या छ ?**

नेपाल सरकारबाट मान्यता प्राप्त दमकको एकमात्र ॐ शान्ति डेन्टल हस्पिटलमा

विशेषज्ञ तथा अनुभवी डाक्टरहरु र आधुनिक मेसिनको सहायताले तपाईंको जुनसुकै समस्याको पनि समाधान हुनेछ।

हाम्रा सेवाहरु

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने।
५) कृतिम दाँत राख्ने।
६) दाँतको खोल राख्ने।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बाल्ने।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने।
१०) गिजा सुन्निे, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने।
११) Iral-Ulcer तथा Oral-Cancer को परामर्श।
१२) मुखको साधारण सल्यक्रिया सेवा। Minor Sugery
१३) मुखको जटिल सल्यक्रिया सेवा। Major Sugery
१४) दाँतको Implant गर्ने।
१५) दाँतको OPD सेवा।

आवद्ध डाक्टरहरु

Dr. C.P. Gaire
Consultant Dental Surgeon
BDS (BPKIHS) Dharan M.D. (KU)

Dr. Hem Raj Gaire
(Senior-Oro-Dental Surgeon)
BDS (BPKIHS) Dharan

Dr. Kasmi Shrestha
Kist Medical College

Dr. Molika Shrestha
Dental Surgeon

Dr. Tanka Neupane
Dental Surgeon
BDS (TU)

Dr. Rahul Gupta
Consultant Ort.

Dr. Smarak Dahal
BDS (TU)

Dh. Sarita Neupane
(Kantipur Dental College)

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी
फोन: ०२३-५७५९०६

इजलास  २०८१ फागुन १० गते शनिबार || Feb. 22, 2025 Saturday  ४

# पुलिसलाई हराउँदै भद्रपुर ब्लेजर्स सेमिफाइनलमा

**भद्रपुर ।** आयोजकको टिम भद्रपुर ब्लेजर्स सौर्य एअर ओम साई पाथिभरा हस्पिटल गम्भीर राई स्मृति संस्करण भद्रपुर झापा गोल्डकप अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

भद्रपुरस्थित मेची रंगशालामा शुक्रबार भएको पहिलो क्वार्टर फाइनल खेलमा आयोजक भद्रपुरले विभागीय टोली नेपाल पुलिस क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा स्थान पक्का गरेको हो । पहिलो हाफमा गोलरहित बराबरी खेलेको भद्रपुरले दोस्रो हाफमा दुई गोल गर्‍यो ।

खेलको ७२ औं मिनेटमा मिलन राईले गोल गर्दै टिमलाई अग्रता दिलाए । आशिष चापागाईले पेनाल्टी एरिया नजिकैबाट दिएको पासमा राईले गोल गरे । खेलको ७४ औं मिनेटमा भद्रपुरले पेनाल्टीमा एक गोल थप्दै खेल २-० को अग्रता बनायो ।

भद्रपुरका आशिष चापागाईंलाई पुलिसका मानबहादुर परियारले पेनाल्टी एरियामा फाउल गरेपछि मिलन राईले अवसरको सदुपयोग गरे । दोस्रो हाफको अतिरिक्त समयमा पुलिसले एक गोल फर्कायो । भद्रपुरका किपर जियारत शेख चुकेपछि प्रशान्त कुँवरले गोल गरे ।

भद्रपुरले खेलमा केही अवसरहरू गुमायो । खेलको ४० औं मिनेटमा पेनाल्टी एरियाबाट मिलन राईले प्रहार गरेको बल फर्स्ट बारमा लागेर फर्कियो । खेलको ४५ औं पुलिसका गोलकिपर अमित टमाटा बिट भएपछि मिलन राईको प्रहार गोललाइनमा पुलिसका हेमन्त श्रेष्ठले उत्कृष्ट बचाउ गरे ।

खेलको अतिरिक्त समयमा विदेशी खेलाडी फोडे फोफोनाले पेनाल्टी एरियाबाट प्रहार गरेको बल पुलिसका किपर टमाटाले रोके । खेलको ५४ औं मिनेटमा पुलिसका अनुप लिम्बूको हेडर भद्रपुरका किपर शेखले पञ्च गरे । कृष्ण गुरूङको




क्रस पासमा पेनाल्टी एरियाबाट लिम्बूले हेड गरेका थिए ।

खेलको प्लेयर अफ द म्याच दुई गोलकर्ता मिलन राई भए । उनले नगद २१ हजार र ट्रफी पाए ।

खेलपछि भएको पोस्ट म्याच कन्फ्रेन्समा भद्रपुरका सहायक प्रशिक्षक अर्जुन राईले पहिलो हाफ गोलरहित बराबरीमा टुंगिएपछि दोस्रो हाफमा रणनीति बनाएर पुलिसमाथि जित दर्ता गरेको बताए । घरेलु टिम र दर्शकका साथका कारण खेलाडीले राम्रो प्रदर्शन गरेको उनको भनाइ थियो ।

पुलिसका प्रशिक्षक सुमन सुवेदीले खेलाडीहरूले राम्रो प्रदर्शन गरे पनि डिफेन्समा चुक्दा हार बेहोर्नु परेको बताए । जित्ने योजनाका साथ मैदानमा उत्रिए पनि सानो गल्तीले चुकेको उनको भनाइ थियो ।

शनिबारको दोस्रो क्वाटरफाइनल खेल झापा ११ एफसी र चर्च ब्वाईज युनाइटेडबीच हुने गोल्डकपका सचिव तीर्थराज ढकालले जानकारी दिए । मछिन्द्रलाई हराउँदै झापा क्वार्टर फाइनलमा प्रवेश गरेका हो ।

गोल्डकपको विजेताले नगद १३ लाख, आकर्षक ट्रफी र मेडल र उपविजेताले नगद ७ लाख, ट्रफी र मेडल प्राप्त गर्ने महासचिव जीवनकुमार श्रेष्ठले बताए ।

प्रतियोगिताभरिको सर्वोत्कृष्ट खेलाडी प्लेयर अफ द टुर्नामेन्टले नगद एक लाख पाँच हजार रुपैयाँ पाउनेछ ।

त्यस्तै, उत्कृष्ट गोलकिपर, उच्च गोलकर्ता, उदीयमान खेलाडी र प्रशिक्षकले नगद २५ हजार पाउनेछ । प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई नगद २१ हजार रुपैयाँ दिइनेछ ।

एकजना दर्शकले महेन्द्ररत्न स्टोर बिर्तामोडका तर्फबाट एक थान हिमस्टार टिभी, एयरपोर्ट होटलका तर्फबाट एकजना दर्शकले दुईजनाको डिनर र सुनचाँदी व्यवसायी संघ भद्रपुर शाखाको तर्फबाट दुईवटा चाँदीको सिक्का पाए ।

# शिवसताक्षीमा 'जहाँ आपत् त्यहाँ एमालेको राहत'

**दुधे ।** झापा शिवसताक्षी नगरपालिका-९ मा नेकपा एमाले 'जहाँ आपत् त्यहाँ एमालेको राहत' अन्तरगत आगलागी पीडितलाई सहयोग गरेको छ ।

नेकपा एमालेका नेकपा एमाले पार्टीका संगठित सदस्य नारदमणि पौडेलको घर फागुन ५ गते एकै छिनमा खरानी भयो । उनको घर मात्र खरानी भएन । भण्डारण गरेका अन्नपात, लत्ताकपडा र महत्वपुण कागजपत्र पनि आगलागीमा नष्ट भएको थियो ।

प्रहरीका अनुसार उक्त आगलागीको घटनामा पौडेलको करिब २ लाख ५० हजार बराबरको क्षति भएको थियो । पौडेललाई परेको यो बज्रपातको घटनाले नेकपा एमाले शिवसताक्षीको ९ नम्बर वडा कमिटीलाई पनि स्तव्ध बनायो । पार्टी संगठित सदस्यलाई परेको यो विपत्तबाट माथि उठाउन वडा कमिटीले आर्थिक सहयोगको योजना बनायो ।

वडा कमिटीले बनाएको योजनाले



केही दिनमै मुर्तरुप पायो । अग्नि पीडित पौडेल परिवारलाई एमाले पार्टीले २९ हजार ३ सय रुपैयाँ नगदै हस्तान्तरण गर्‍यो । नेकपा एमाले शिवसताक्षी ९ ले गएको तिहारमा देउसी भैलो खेलेर १ लाख नगद संकलन गरेको थियो । सोही श्रोतबाट पार्टी संगठित सदस्य विपत्तमा परेको बेलामा आर्थिक सहयोग गरिएको पार्टीका वडा अध्यक्ष लोकनाथ (लोकेश) खनालले बताए ।

आर्थिक सहायता हस्तान्तरण कार्यक्रममा पार्टीका स्थानीय नेताहरू, वडा कमिटीका पदाधिकारी तथा स्थानीयबासीहरूको उपस्थिति थियो । आगलागीबाट प्रभावित परिवारलाई थप सहयोगका लागि विभिन्न संघसंस्थासँग पहल गरिने अध्यक्ष खनालले जानकारी दिए । पीडित पौडेलले खुल्ला आकास मुनिको बास भइरहेका बेला पार्टी वडा कमिटी ठिङग उभिदिदाँ सबै पीडा भुलेको बताए ।

# वीरता जेसीजको अध्यक्षमा कुँवर निर्वाचित

**बिर्तामोड ।** बिर्तामोडस्थित वीरता जेसीजको अध्यक्ष पदमा युवराज कुँवर निर्विरोध निर्वाचित भएका छन् । वीरता जेसीसको ४४ औं अधिवेशन तथा साधारण सभाबाट कुँवर सन् २०२५ का लागि निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत घनश्याम चौधरीले जानकारी दिए ।

वीरता जेसीसको कार्यकारिणी उपाध्यक्षमा प्रभात मास्के र सुमनकुमार पोद्धार निर्विरोध निर्वाचित भएका छन् । वीरता जेसीसको सम्पूर्ण पदमा निर्विरोध निर्वाचित भएको घोषणा



गरिएको हो । वीरता जेसीसको संयुक्त सचिवमा सुवास त्रिखत्री, उपाध्यक्षहरूमा पुष्प भण्डारी, शुभम शाह, अजय कुमार चौधरी र अजय अधिकारी निर्विरोध निर्वाचित भएका छन् । त्यस्तै जनसम्पर्क अधिकारीमा अभिषेक गहतराज डिक र तालिम संयोजकमा सुशील थापा निर्विरोध निर्वाचित भएका छन् ।

जेसीसको विधान अनुसार कानुनी सल्लाहकार, महासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष अध्यक्षले मनोनित गर्ने व्यवस्था रहेको छ भने निवर्तमान अध्यक्ष बोर्डको पदेन सदस्य हुने व्यवस्था रहेको छ ।

# दमकमा सार्वजनिक सुनवाई

**दमक ।** झापाको दमक नगरपालिकाको चालू आर्थिक बर्ष २०८१/०८२ को अर्धबार्षिक ६ महिनाको सार्बजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

नगरपालिका, विभिन्न विषयगत शाखा र वडा कार्यालयबाट भएका विकास निर्माण, सुशासन प्रवर्द्धन र सेवा प्रवाहको सम्बन्धमा नगरपालिको भवनमा सार्वजनिक सुनुवाई कार्यक्रम गरेको हो । कार्यक्रममा दमक नगरपालिकाका तर्फबाट प्रमुख प्रशासकिय अधिकृत गणेशराज कार्कीले चालू आर्थिक बर्षमा नगरपालिकाले गरेका काम उपलब्धीको चर्चा गर्नुभएको थियो ।

दमक नगरपालिकाको आयोजना र भिन्न मिडिया एण्ड रिसर्च प्रालिको संयोजन र सहजीकरणमा कार्यक्रममा सयौको संख्यामा उपस्थिति रहेको थियो । कार्यक्रममा पहिलो र दास्रो चरण गरि १० जना नागरिकहरुले प्रत्यक्ष रुपमा चासो, गुनासो, प्रश्न र सुझाव राखेका थिए ।

उनीहरुले विकास निर्माणका विभिन्न पक्षहरुको विषयमा गुनासो, प्रश्न र सुझाव राखेका थिए । नागरिकहरुको प्रश्नको जवाफ नगरपालिका प्रमुख रामकुमार थापा, उपप्रमुख रेगिना भट्टराई प्रसाई प्रमुख प्रशासकीय अधिकृत गणेशराज कार्कीले दिएका थिए । प्रश्नको जवाफ दिदै नगरप्रमुख थापाले सेवाग्राहीको प्रश्न र सुझावलाई सम्पतिको रुपमा ग्रहण गर्दै आगामी दिनमा कार्यान्वयन गरेर अगाडी बढ्ने प्रतिवद्धता जनाए । कार्यक्रममा भिन्न मिडिय एण्ड रिसर्चका तर्फबाट नागरिक अभिमत प्रतिवेदन पत्रको नतिजा प्रस्तुत गरेको थियो । नागरिक अभिमतबाट प्राप्त प्रतिक्रियामा आगामी दिनका लागि सुझावहरु औंल्याईएको छ ।

# सहारा नेपालको कुल सम्पत्ति १७ अर्ब ६७ करोड




**बिर्तामोड ।** नेपालको सबैभन्दा ठूलो सहकारी संस्था सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाको कुल सम्पत्ति १७ अर्ब ६७ करोड ६ लाख ४९ हजार ७ सय रुपैयाँ पुगेको छ ।

झापाको बिर्तामोडमा-२, चारपानेमा मुख्य कार्यालय रहेको सहारा नेपालको संस्थागत पुँजी ७.३७ प्रतिशत रहेको छ । कुनै पनि सहकारी बलियोपनको आधार भनेको संस्थागत पुँजीले हुने हो । संस्थागत पुँजी ५ प्रतिशत भन्दा माथी हुनु भनेको राम्रो मानिन्छ । संस्थाले प्रकाशन गरेको २०८१ माघ मसान्तसम्मको अपरिष्कृत विवरण अनुसार संस्थाको सेयर पुँजी १ अर्ब ७० करोड, जगेडा कोष १ अर्ब २६ करोड, कुल संस्थागत पुँजी १ अर्ब ३० करोड, विभिन्न कोषमा १ अर्ब २२ करोड, कुल बचत १३ अर्ब ६४ करोड र लगानी ११ अर्ब २६ करोड रहेको छ ।

संस्थाले ७६ करोड रुपैयाँ अल्पकालिन लगानी गरेको छ । संस्थासँग ४ अर्ब २४ करोड रुपैयाँ तरलता (३१.११ प्रतिशत) तरलता रहेको छ । संस्थामा १ लाख ८८ हजार ९२ जना सदस्य छन् । त्यस्तै ७० हजार २ सय ९७ जनाले कर्जा उपभोग गरेका छन् ।

# स्ववियु निर्वाचन तालिका सार्वजनिक

**बिर्तामोड ।** त्रिभुवन विश्वविद्यायले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन कार्यतालिका सार्वजनिक गरेक छ । आगामी चैत ५ गतेका लागि तय भएको निर्वाचन तालिका विश्वविद्यालयले सार्वजनिक गरेको हो ।

सार्वजनिक तालिकाअनुसार यही फागुन १९ गते संघ तथा संगठन दर्ता गर्नुपर्नेछ । त्यस्तै फागुन २७ गते उम्मेदवारी दर्ताको कार्यतालिका छन् । त्यस्तै मतदाताको सूची फागुन २१ गते बिहान १० बजे सार्वजनिक हुनेछ भने मतदाताको सूचीमाथि दाबी विरोध फागुन २५ गते दिउँसो १ बजेसम्म गर्न पाइनेछ । मतदाताको अन्तिम नामावली फागुन २५ गते साँझ ५ बजे प्रकाशित हुने छ । मतदान चैत ५ गते बिहान ८ बजेदेखि अपराह्न ४ बजेसम्म हुनेछ ।


## साझा सेफ्टी ट्याङ्की तथा ढल सफाई

आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठुलो सेफ्टी ट्याङ्की अनुभवि व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ ।




९८२४९९०४६२, ९७४५२६०८२५, ९८१४९९३७१२, ९८४२६७७८५५

नोट : यहाँ पाईप फिटिङ सर्भिसको व्यवस्था छ ।



Since 15 years ago

## SATYAL Automobiles House

Birtamode, Jhapa

Heavy Discount Offer on inverter battery

9817001734
9815951283
9803834369

BRAND
Asian / A-One

Tall Tubullar 100 A.H. = Rs. 18,000/
Tall Tubullar 150 A.H. = Rs. 22,000/
Tall Tubullar 200 A.H. = Rs. 30,000/
Tall Tubullar 220 A.H. = Rs. 32,000/

36 months replacement guarantee

Made in Nepal - Go local

नेपाली उत्पादन, नेपाली रोजगारी : हाम्रो शक्ति, हाम्रो गौरव ।



## बिर्तामोड नगर अस्पताल

बिर्तामोड-3, बिर्तबजार, झापा

### अस्पतालबाट प्रवाह हुने सेवाको समय तालिका

प्रसूति सेवा — २४ घण्टे, नियमित

इमरजेन्सी सेवा — प्रत्येक दिन, बिहान ७ देखि बेलुका ७ बजेसम्म

### ओ.पि.डी. सेवा

| टिकट काट्ने समय | ओ.पि.डी. समय |
| --- | --- |
| आइतबारदेखि बिहीबारसम्म<br>बिहान ७:०० बजेदेखि दिउँसो १:०० बजेसम्म | आइतबारदेखि बिहीबारसम्म<br>बिहान ७:०० बजेदेखि दिउँसो २:०० बजेसम्म |
| शुक्रबार<br>बिहान ७:०० बजेदेखि दिनको १२:०० बजेसम्म | शुक्रबार<br>बिहान ७:०० बजेदेखि दिनको १:०० बजेसम्म |



### विशेषज्ञ सेवाको समय

| | |
| --- | --- |
| स्त्रीरोग विशेषज्ञ | प्रत्येक दिन, बिहान ७:०० देखि ५:०० बजेसम्म |
| बालरोग विशेषज्ञ | प्रत्येक दिन बिहान ११:०० देखि दिउँसो १:०० बजेसम्म |
| मनरोग विशेषज्ञ | प्रत्येक दिन बिहान ११:०० देखि दिउँसो १:०० बजेसम्म |
| फिजिसियन | प्रत्येक बुधवार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |
| हाडजोर्नी विशेषज्ञ | प्रत्येक बिहीबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |
| सर्जरी | प्रत्येक शुक्रबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |




टाइम्स मिडिया नेटवर्क प्रा.लि.द्वारा प्रकाशित तथा राजु प्रिन्टिङ प्रेस, बिर्तामोडमा मुद्रित, कार्यालय बिर्तामोड-४, झापा । फोन : ०२३-५३५०२८ । Gmail : ijalaasdaily@gmail.com ।
अध्यक्ष : नारायणप्रसाद पोखरेल । लेआउट : इनडिजाइन बिर्तामोड । कार्यालय प्रतिनिधि : ९८५२६३५०२८ / सम्पादक : प्रदीप परियार

# नागरिक प्रतिवेदन पत्र र बर्हिगमित अभिमत संकनका तस्वीहरु













# कार्यक्रममा सहभागी विवरण र तस्वीर








सार्वजनिक सुनुवाई कार्यक्रम
दमक नगरपालिका, झापा
२०८१ फागुन ९ गते शुक्रबार
संयोजन/सहजीकरण
आयोजक






दमक नगर
नगर
दमक, झापा,
आ.व. ०८१/८२ को
तथा सार्वजनिक



































# वडा स्तरमा बर्हिगमित अभिमत संकलनका बैठक

दमक नगरपालिकाको आ.व. २०८०।०८१ को सार्वजनिक सुनुवाई कार्यक्रमका लागि गुनासो समाधान समन्वय समिति गठनका लागि तपसिल बमोजिमको उपस्थिति मा निम्नानुसारको निर्णय गरियो ।

तपसील

१. गणेश राज कार्की (प्रमुख प्रशासकिय अधिकृत) -
२. यज्ञ राज निरौला (वरिष्ठ प्रशासकिय अधिकृत)
३. केशव प्रसाद पनेरू सामाजिक विकास अधिकृत
४. सरिता भण्डारी महिला विकास अधिकृत
५. द्रोण बहादुर थापा खरिद अधिकृत
६. डम्बर राज बराल, राजस्व प्रशासन प्रमुख
७) देवी प्रसाद कोइराला — इ.अ.
(८) समीप चुडाल
९) डी.पी. प्रसाद पौडेल - शहरी विकास शाखा
१०) इन्द्रराम चम्लागाई सामाजिक विकास तथा सहकारी शाखा
११) भुवन बराल - वातावरण अधिकृत
१२) विकाश डाफ्ले - रोजगार संयोजक
१३) सुजित थापा - कृषि अधिकृत
१४) [illegible] कुमारी मेहता बी.भेट स्वा. अ.
१५) [illegible] शि.अ.
१६ माधव [illegible] कानुन शाखा -
१७. भरत गौतम आ.ले.प. अधिकृत -
१८. लक्ष्मी न्यौपाने स्वास्थ्य अधिकृत -
१९. [illegible] ब. कार्की दमक नगर प्रहरी [illegible] विपद राहत उपशाखा
२०. इ. अनन्त प्रसाद [illegible] - दमक नगरपालिका - पूर्वाधार शाखा

प्रस्तावहरू

१. गुनासो समाधान समन्वय समिति गठन सम्बन्धमा

२. तथ्यांक संकलन गर्ने, नागरिक प्रतिवेदन पत्र संकलन गर्ने, बर्हिगमित अभिमत संकलन गर्ने,

३. विविध

निर्णय

प्रस्ताव नं १ उपर छलफल गर्दा दमक नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा चार सदस्य गुनासो समाधान समन्वय समिति गठन गर्ने निर्णय गरियो।

१. गणेश राज कार्की संयोजक
२. यज्ञराज निरौला सदस्य
३. देवि प्रसाद कोइराला सदस्य
४. केशव प्रसाद प्रसाई सदस्य

प्रस्ताव नं २ माथि छलफल गर्दा सहजीकरण गर्ने संस्था मार्फत १० वटै वडामा नागरिक प्रतिवेदन पत्र भाग १-२ र बहिर्गमित अभिमत संकलन गर्न सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं ३ विविध दमक नगरपालिकाको अर्धवार्षिक सार्वजनिक सुनुवाई दमक नगरपालिकाको सभा हलमा मिति २०८१ फागुन ९ गते शुक्रबार बिहान ११:०० बजे देखिव गर्ने सर्वसम्मत निर्णय गरियो

आज मिति २०८१ माघ १८ गते शुक्रबार दमक नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को सार्वजनिक सुनवाई कार्यक्रमको सिलसिलामा दमक न.पा. वडा नं. ८ का वडा अध्यक्ष घमेप्रसाद दाहाल (दिपेश) ज्यूको अध्यक्षतामा बसेको बैठकले सार्वजनिक सुनुवाईको विषयमा निम्न प्रस्ताव माथि छलफल गरी निम्न निर्णय पारित गरियो।

उपस्थित

१. घमे प्रसाद दाहाल (दिपेश) वडा अध्यक्ष
२. हीमाया चुडाल वडा सदस्य
३. पदम गिरी वडा सदस्य
४. ममता रसाइली वडा सदस्य
५. खेम बहादुर श्रेष्ठ वडा सदस्य
६. सन्दिप सुवेदी वडा सचिव

प्रस्ताव

१. नागरिक प्रतिवेदन भाग २ फारम भर्ने कार्य।

प्रस्ताव नं. १ माथि छलफल गर्दा दमक नगरपालिकाले गर्ने सार्वजनिक सुनुवाईको फारमको भाग २ भर्न वडा भित्रका टोलहरूमा वडाका जनप्रतिनिधिहरूबाट सहजीकरण र समन्वय गर्ने भन्ने निर्णय सर्वसम्मतले निर्णय गर्‍यो।

आज मिति २०८१ माघ १८ गते शुक्रवार दमक नगर पालिकाको आर्थिक वर्ष ०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रमको सिलसिलामा दमक नपा ६ नं. वडा कार्यालयको वडा अध्यक्ष भीम प्रसाद पौडेल को अध्यक्षतामा बसेको बैठकले सार्वजनिक सुनुवाई को विषयमा निम्न प्रस्तावहरु माथि छलफल गरी निम्न निर्णय गर्‍यो ।

तपसिल

१. भीम प्रसाद पौडेल वडा अध्यक्ष
२. तारा रणपहेली वडा सदस्य
३. मान बहादुर खवास वडा सदस्य
४. अनित बान्तवा राई वडा सदस्य
५. इन्दु खड्का पौडेल वडा सदस्य
६. योगेश भट्टराई वडा सचिव

प्रस्ताव :- नागरिक प्रतिवेदन भाग २ सम्बन्धमा

प्रस्ताव नं. १ माथि छलफल गर्दा दमक नगरपालिकाले गर्ने सार्वजनिक सुनुवाईको फारम भाग २ भर्न वडा भित्रका टोलहरुमा जनप्रतिनिधिहरुले सहजीकरण र समन्वय गर्ने भनी निर्णय सर्वसम्मतले पारित गर्‍यो ।

आज मिति २०८१ माघ २४ गते बिहिबार दमक नगर पालिकाको आर्थिक बर्ष ०८१/०८२ को सार्वजानिक सुनुवाई कार्यक्रमको सिलसिलमा दमक नगर पालिका ६ नं. वडा कार्यालयको वडा अध्यक्ष कुबेर प्रसाद भट्टराईको अध्यक्षतामा बसेको बैठकले सार्वजानिक सुनुवाईको विषयमा निम्न प्रस्तावहरु माथि छलफल गरी तपसिलको निर्णय गर्‍यो ।

तपसिल

1. कुबेर प्रसाद भट्टराई वडा अध्यक्ष
2. नरेश बज्जरा वडा सदस्य
3. नरेश सुनुवार वडा सदस्य
4. लक्ष्मी बराल वडा सदस्य
5. रिना विश्वकर्मा वडा सदस्य
6. भीम कुमार थुलुङ वडा सचिव

प्रस्ताव : नागरिक प्रतिवेदन भाग २ सम्बन्धमा

प्रस्ताव नं. १ माथि छलफल गर्दा दमक नगर पालिकाको सार्वजानिक सुनुवाईको कार्यक्रम भाग २ मा वडा स्तरीय टोलहरुमा जनप्रतिनिधिहरुले सहजीकरण र समन्वय गर्ने भन्ने निर्णय सर्वसम्मतले पारित गर्‍यो ।

आज मिति २०८१ माघ २८ गते सोमवार दमक नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रमको सिलसिलामा दमक नगरपालिका ६ नं. वडा कार्यालयको वडा अध्यक्ष टेक बहादुर थापाको अध्यक्षता -मा बसेको बैठकले सार्वजनिक सुनुवाईको विषयमा तपसिलका प्रस्तावहरु माथि छलफल गरी तपसिलका निर्णय गर्‍यो ।

तपसिल

१. टेक बहादुर थापा वडा अध्यक्ष
२. विनोद शाह वडा सदस्य
३. कमला बस्नेत खत्री वडा सदस्य
४. कमल कुमार श्रेष्ठ वडा सदस्य
५. डेम्बोडि शेर्पा वडा सदस्य
६. प्रकाश घिमिरे वडा सचिव

प्रस्ताव :- नागरिक प्रतिवेदन भाग २ बारे । प्रस्ताव नं. १ माथि छलफल गर्दा दमक नगरपालिकाको सार्वजनिक सुनुवाईको फारम भाग २ भर्न वडा भित्रका टोलहरुमा जनप्रतिनिधिहरुले सहयोग, सहजीकरण र समन्वय गर्ने भनी सर्वसम्मतले निर्णय गर्‍यो ।

आज मिति २०८१ फागुन २ गते शुक्रबार दमक नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रमको सिलसिलामा दमक नगरपालिका १० नं. वडा कार्यालयको वडा अध्यक्ष राजेन्द्र प्रसाद भण्डारीको अध्यक्षतामा बसेको बैठकले विभिन्न प्रस्तावहरू माथि छलफल गरी निम्न निर्णयहरू पारित गर्‍यो ।

१. राजेन्द्र प्रसाद भण्डारी वडा अध्यक्ष
२. जंग बहादुर राई वडा सदस्य
३. भूमिका आचार्य वडा सदस्य
४. रविन्द्र मारिङ लिम्बु वडा सदस्य
५. रेणुका दर्जी वडा सदस्य
६. विनोद प्रसाई वडा सचिव

प्रस्ताव :- नागरिक प्रतिवेदन भाग २ बारे ।
प्रस्ताव नं. १ माथि छलफल गर्दा दमक नगरपालिकाको सार्वजनिक सुनुवाईको कार्यक्रम भाग २ भन्ने वडाभित्रको क्षेत्रहरूमा जनप्रतिनिधिहरूले सहयोग, सहजीकरण र समन्वय गर्ने भनी सर्वसम्मतले निर्णय गरियो ।

आज मिति २०८१ फागुन ४ गते आइतवार दमक नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रमको सिलसिलामा दमक नगरपालिका २ नं. वडा कार्यालयको वडा अध्यक्ष प्रजापति सापकोटाको अध्यक्षतामा बसेको बैठकले निम्न प्रस्तावहरु माथि छलफल गरी निम्न निर्णय गर्‍यो ।

१. वडा अध्यक्ष प्रजापति सापकोटा
२. वडा सदस्य ललित ब. विश्वकर्मा
३. वडा सदस्य दुविलाल दुलाल
४. वडा सदस्य चन्द्रकला विश्वकर्मा
५. कृष्ण माया थापा - वडा सदस्य
६. वडा सचिव अस्मिता रवताल

प्रस्ताव नागरिक प्रतिवेदन फारम बारे ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा दमक नगरपालिकाको सार्वजनिक सुनुवाईको फारम भाग २ भर्न वडा भित्रका टोलहरुमा जनप्रतिनिधिहरुले सहयोग सहजीकरण र समन्वय गर्ने भनी सर्वसम्मतले निर्णय गर्‍यो ।

२०८१।११।४

आज मिति २०८१ फागुन ५ गते सोमबार दमक नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रमको सिलसिलमा दमक नगरपालिका ५ नं. वडा अध्यक्ष इन्द्र ब. गुरुङको अध्यक्षतामा बसेको बैठकले विभिन्न प्रस्तावहरु माथि छलफल गरी निम्न निर्णय गर्‍यो ।

१. इन्द्र बहादुर गुरुङ वडा अध्यक्ष
२. खड्ग ब. राई वडा सदस्य
३. ज्योमे कुमारी परियार वडा सदस्य
४. शोभा खतिवडा बैलवास वडा सदस्य
५. गोपाल कृष्ण संग्रौला वडा सदस्य
६. नित्यनारायण ढुङ्गेल वडा सचिव

प्रस्ताव : नागरिक प्रतिवेदन फारम बारे ।
प्रस्ताव नं. १ माथि छलफल गर्दा दमक नगरपालिकाको सार्वजनिक सुनुवाईको फारम भाग २ को भर्ने वडा भित्रका टोल टोलहरुमा जनप्रतिनिधिहरुले सहयोग सहजीकरण र समन्वय गर्ने भनी सर्वसम्मतले निर्णय गर्‍यो ।

आज मिति २०८१ फागुन ५ गते सोमबार दमक नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रमको सिलसिलामा दमक नगरपालिका ३ नं. वडा कार्यालयको वडा अध्यक्ष नविन बराल को अध्यक्षतामा बसेको बैठकले निम्न प्रस्तावहरु माथि छलफल गरी निम्न प्रस्ताव पारित गरियो ।

१. नविन बराल वडा अध्यक्ष
२. देवका भुर्जेल वडा सदस्य
३. गजेन्द्र थिमाल वडा सदस्य
४. टिका दराल वडा सदस्य
५. बालकृष्ण कोइराला वडा सचिव

प्रस्ताव

नागरिक प्रतिवेदन फाराम सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा दमक नगरपालिकाको सार्वजनिक सुनुवाईको फाराम भाग २ भर्न वडा भित्रको टोल – टोलमा जनप्रतिनिधिहरुको सहयोग सहजीकरण र समन्वय गर्ने भनी सर्वसम्मत ले निर्णय भयो ।

आज मिति २०८१ फागुन ६ गते मंगलबार दमक नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रमको सिलसिलामा दमक नगरपालिका १ नं. वडा कार्यालयका वडा अध्यक्ष हरि प्रसाद न्यौपानेको अध्यक्षतामा बसेको बैठकले विभिन्न प्रस्तावहरुमाथि छलफल गरी निम्न प्रस्ताव पारित गर्‍यो ।

१. हरि प्रसाद न्यौपाने वडा अध्यक्ष
२. रघुबीर बुढाथोकी वडा सदस्य
३. तारा खपतरी वडा सदस्य
४. राजकर्ण राई वडा सदस्य
५. नविना मोहोरा वडा सदस्य
६. प्रेम कुमारी चौलागाईं वडा सचिव

प्रस्ताव नागरिक प्रतिवेदन फारम सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा दमक नगरपालिकाको सार्वजनिक सुनुवाईको फारम भाग २ भनी वडा भित्रका टोलहरुमा सहयोग, सहजीकरण र समन्वय गर्न जनप्रतिनिधिहरुले सहयोग गर्ने भनी सर्वसम्मतले निर्णय गर्‍यो ।

आज मिति २०८१ फागुन ६ गते मंगलबार दमक नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रमको सिलसिलामा दमक नगरपालिका ४ नं. वडा कार्यालयको वडा अध्यक्ष पुष्प प्रसाद दाहालको अध्यक्षतामा बसेको बैठकले निम्न प्रस्तावहरू माथि छलफल गरी निम्न निर्णय पारित गर्‍यो ।

१. पुष्प प्रसाद दाहाल वडा अध्यक्ष
२. शारदा खापकोटा वडा सदस्य / कार्यपालिका सदस्य
३. गीता विश्वकर्मा वडा सदस्य गीता
४. हुकुम बहादुर बस्नेत वडा सदस्य
५. गोविन्द श्रेष्ठ वडा सदस्य
६. हरिप्रसाद गुरागाईं वडा सचिव

प्रस्ताव नागरिक प्रतिवेदन फारामबारे ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा दमक नगरपालिकाको सार्वजनिक सुनुवाईको फाराम भाग २ भनेर वडा भित्रका टोल-टोलमा जनप्रतिनिधिहरूको सहयोग सहजीकरण र समन्वय गर्ने भनी सर्वसम्मतले निर्णय गर्‍यो ।

आज मिति २०८१ साल फाल्गुन ३ गते शुक्रवार बिहान ११:०० बजे दमक नगरपालिकाको सभाहलमा दमक नगरपालिकाको आ.व. २०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रम दमक नगरपालिकाका नगर प्रमुख श्री राम कुमार थापा ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा सम्पन्न गरियो ।

उपस्थिती, हस्ताक्षर

१. श्री राम कुमार थापा - नगर प्रमुख, दमक न.पा.
२. श्री रेगिना भट्टराई प्रसाई - नगर उपप्रमुख "
३. श्री गणेशराज कार्की प्रमुख प्रशासकीय अधिकृत
४. श्री हरि प्रसाद ओपाने १ नं. वडाअध्यक्ष
५. श्री प्रजापती सापकोटा २ नं. वडाअध्यक्ष
६. श्री नविन बराल ३ नं. वडाध्यक्ष
७. श्री रूद्र प्रसाद दहाल ४ नं. वडाध्यक्ष
८. श्री इन्द्र बहादुर गुरुङ ५ नं. वडाध्यक्ष
९. श्री टेक बहादुर थापा ६ नं. वडाध्यक्ष
१०. श्री भिम प्रसाद पौडेल ७ नं. वडाध्यक्ष
११. श्री धर्म प्रसाद दहाल ८ नं. वडाध्यक्ष
१२. श्री कुबेर प्रसाद भट्टराई ९ नं. वडाध्यक्ष
१३. श्री राजेन्द्र प्रसाद भण्डारी १० नं. वडाध्यक्ष
१४. श्री शारदा भट्टराई का.पा. सदस्य
१५. श्री लोक ब. धिमाल का.पा. सदस्य
१६. श्री खेम कुमारी परियार का.पा. सदस्य
१७. श्री कमला बस्नेत खाती " "
१८. श्री विणा कुमारी शाह " "
१९. श्री देवका कुँजेल " "
२०. श्री शेर ब. वि.क. " "
२१. श्री गौतम गुप्ता " "
२२. श्री नरेन्द्र चापागाई इलाका प्रशासन कार्यालय प्रमुख
२३. श्री लक्ष्मी बराल दमक-९
२४. श्री च्याङ्कुला विश्वकर्मा दमक-२
२५. श्री प्रमोद कुमार मेहता नि.स.प्र.
२६. श्री प्र. अरुण घिमिरे दमक अस्पताल

२७ यज्ञराज तिम्सिना व.प्र.अ. दमक न.पा.
२८ भरत गौतम, आलेप अधिकृत दमक न.पा.
२९. द्रोण बहादुर थापा स्वरिद् अधिकृत दमक न.पा.
३०. रेवत चन्द्र भण्डारी कलब हिमालयन टाईगर (अध्यक्ष)
३१ पुष्पलाल सापकोटा दमक [illegible]
३२. दिपेश धमला [illegible] दमक न.पा.
३३. दिकल दाहाल पर्यटन [illegible]
३४ [illegible] नयाँ [illegible] दमक न.पा.
३५. [illegible] प्र अधिकृत [illegible]
३६ सरिता [illegible] १ नं वडा कार्यालय
३७ शिला दुङ्गाना ''
३८ निर्मला गुरागाई कर्मचारी
३९ सुचिता चम्लागाई कर्मचारी
४० हिमामाया नेपाल कर्मचारी
४१. सरिता खड्का कर्मचारी
४२ मिनु चौधरी ''
४३ हिमाल [illegible]
४४ प्रेम [illegible] '' दमक न.पा.
४५ [illegible] दाहाल ''
४६ कविन्द्र कुमार [illegible] ''
४७ [illegible] ओम [illegible] दमक 8
४८ देवी प्र. कोइराला द. न. पा.
४९. [illegible] दमक न. पा.
५०
शेर बहादुर मेहराई दमक
५१. महेन्द्र प्रसाद [illegible] उप सचिव [illegible]
५२. राम प्रसाद [illegible] इलाका प्रहरी कार्यालय दमक
५३. सरिता भण्डारी [illegible] दमक नं.पा
५४. हेम राज [illegible] दमक [illegible]
५५. [illegible] सदृश्य [illegible] पार्टी प्रतिनिधि
५६. राम पौडेल नेकपा एमाले दमक नगर अध्यक्ष
५७. सुबोध चन्द्र साह नापी कार्यालय, दमक
५८. [illegible]
५९ गोपाल [illegible] वडा [illegible] -८

| | | |
|---|---|---|
| ६० | सोम नाथ चम्लागाँई | दमक ६ |
| ६१ | लालित विश्वकर्मा वडा सदस्य | दमक - ४ |
| ६२ | श्री श्रीप्रसाद शिवाकोटी - सुनारखेती चेल - | ४ |
| ६३ | खेम सापकोटा | दमक - २ |
| ६४ | नरेश बंजाडे - वडा सदस्य | दमक - ५ |
| ६५ | ओम प्रकाश सापकोटा | दमक - २ |
| ६६ | तारा प्र. दाहाल | दमक - ४ आस्था टोल |
| ६७ | धन बहादुर श्रेष्ठ | दमक - ४ आस्था टोल विकास |
| ६८ | संकल्प लिङदेन | दमक - १, एकता टोल विकास |
| ६९ | बिन्दु सिटौला (लम्जिल) | दमक - ४ सो. अभियन्ता |
| ७० | Geeta Rijal | damak - 5 नागरीक |
| ७१ | सुमन थापा | दमक - ५ पर्सा नरा एफ एम |
| ७२ | सुजन गौतम | दमक ८ - Multimedia. Com |
| ७३ | धनेश्वर कोर्इ (श्याम) | " ६ |
| ७४ | जमुना लिम्बु | " १ |
| ७५ | उर्मिला राई | " १ |
| ८० | लाल बहादुर राई | दमक - १ |
| ८१ | हरि कुमार राई | जनता समाजवादी पार्टी उपाध्यक्ष - दमक ५ |
| ८२ | नन्दलाल पाण्डे | दमक - ४ |
| ८३ | घनश्याम सूर्यवंशी | दमक अस्पताल |
| ८४ | लोकनाथ पोखरेल | दमक अस्पताल |
| ८५ | रिशव रियाल | दमक अस्पताल |
| ८६ | माधव बस्नेत | दमक ७ - ५ |
| ८७ | भुवन बराल | " - " |
| ८८ | ईश्वरराज बराल | " - " |
| ८९ | ई. अनन्त प्र. सेंघाई | " - " |
| ९० | विकास कार्की | " " |
| ९१ | इन्द्रमान चम्लागाई | " " |
| ९२ | मुकुन्द दाहाल | " " |
| ९३. | पुर्विका खड्का | " |
| ९४. | लक्ष्मी न्यौपाने | दमक न.पा. |
| ९५. | स्मृति थापा | " |
| ९६. | प्रभुवा घिमिरे वडा सचिव दमक-६ | |

९७. योगेश भट्टराई वडा सचिव दमक ७
९८. बालकृष्ण कोइराला वडा सचिव दमक ३
९९. सन्दिप सुवेदी वडा सचिव दमक – ८
१००. तिर्थनारायण ढुंगेल वडा सचिव दमक-२
१०१. विनोद प्रसाई वडा सचिव दमक-१०
१०२. हरि प्रसाद गुरागाई वडा सचिव दमक- ६
१०३ ई. भिम प्रसाद पौडेल इन्जिनियर दमक न.पा.
१०४. धिरेन्द्र रिजाल दमक अस्पताल
१०५ ज्ञानेन्द्र गौतम दमक ज.स्वा. अभियान
१०६ कुमार [illegible] दमक -२
१०७ प्रकाश दहाल मिडियाकर्मी प्र० -[illegible]
१०८ राजु पोखरेल " "
१०९ निर्मला रेग्मी दमक न.पा. अ.स.ई.
११० प्रतिमा दाहाल रास्वपा नगर उपसभापति
१११ चन्द्र बहादुर राउतक्षेत्री अ.प्रहरी पोष्ट लक्ष्मीचोक
११२ छवि लाल दलाल वाईसदस्य दमक - १
११३ खगेन्द्र कार्की २१ [illegible]
११४ मन कुमार गदाल
११५ दिल कुमार लिम्बु
११६ देवी प्र० ओली
११७ वि.को. कोइराला (नगर प्रहरी)
११८. कमल प्र. ओझा दमक-९
११९. धन बहादुर मगर दमक न.पा. (मिडिया शाखा)
१२० मानस घिमिरे दमक-०९
१२१ शिव राज भिमाल दमक १०
१२२ तेन्जी शेर्पा दमक १०
१२३ सोमनाथ गुरागाई दमक न.पा.
१२४ चन्द्र प्रकाश रिजाल दमक १
१२५. पुजा खतिवडा द.न.पा.
१२६. सुमित्रा राई द.न.पा
१२७. बालकृष्ण गजमेर (विकास) ललित अभियान
१२८ यासमीन आलम द.न.पा.

| | | | |
|---|---|---|---|
| १२९ | विजय प्रसाद बरल | दमक २ | [signature] |
| १३० | भेष रिजाल | दमक ८ | [signature] |
| १३१ | [illegible] लौपाते | दमक-१(हिमशेखर टेक्नोलोजिज) | [signature] |
| १३२ | धैर्यनाथ नेपाल | दमक-२ | [signature] |
| १३३) | दुर्गा गाजमेर | दमक -६) | [signature] |
| १३४ | नविन [illegible] | दमक- ८ | [signature] |
| १३५. | [illegible] रिजाल | दमक-८ | [signature] |
| १३६. | रमिला [illegible] | दमक- ६. | [signature] |
| १३७ | विद्या प्याकुरेल | दमक - ८ | [signature] |